# नेपालको प्रत्यक्ष निर्वाचन प्रणालीमा महिला उम्मेदवारी

## प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनको विश्लेषण



DEMOCRACY
RESOURCE CENTER

# नेपालको प्रत्यक्ष निर्वाचन प्रणालीमा महिला उम्मेदवारी

## प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनको विश्लेषण

अंकलाल चलाउने | चिरन मानन्धर

DEMOCRACY RESOURCE CENTER

डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल (डीआरसीएन)

# नेपालको प्रत्यक्ष निर्वाचन प्रणालीमा महिला उम्मेदवारी : प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनको विश्लेषण

प्रकाशन वर्ष २०८० (सन् २०२३)

अंकलाल चलाउने | चिरन मानन्धर

*प्रकाशक*
डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल (डीआरसीएन)
कुपण्डोल, ललितपुर
फोन : ०१-५९०२२८६
इमेल : info@democracyresource.org
www.democracyresource.org

डीआरसीएन आवधिक प्रतिवेदन – २१
सर्वाधिकार © डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल (डीआरसीएन)

लेआउट/आवरण सज्जा : किशोर प्रधान

# विषयसूची


| | | |
|---|---|---|
| १. | पृष्ठभूमि | १ |
| २. | अध्ययन विधि | ३ |
| ३. | संवैधानिक तथा कानूनी प्रावधान | ४ |
| ४. | राजनीतिक दलको उम्मेदवारी सिफारिस मापदण्ड | ५ |
| ५. | २०६४ पछि महिला उम्मेदवारी | ७ |
| ६. | प्रदेशसभा निर्वाचन प्रत्यक्षतर्फको महिला उम्मेदवारी | ९ |
| ७. | महिला उम्मेदवार न्यून हुनुका कारण | १२ |
| | पुरुषप्रधान सोच र असमावेशी दलीय संरचना | १२ |
| | महिलाको राजनीतिक आधार-प्रभाव क्षेत्रमा प्रश्न | १७ |
| | निश्चित निर्वाचन क्षेत्रबाट पटक-पटक उम्मेदवार बन्ने अभ्यास | १८ |
| | राजनीतिमा पैसाको बढ्दो प्रभाव | १९ |
| | अनौपचारिक बैठकमा कम पहुँच तथा बहुभूमिकाको मारमा महिला | २२ |
| | निर्वाचन प्रणालीप्रतिको धारणा | २२ |
| ८. | नस्वीकारिएको वास्तविकता | २५ |
| ९. | निष्कर्ष | २६ |


**अनुसूचीहरू**


| | |
|---|---|
| अनुसूची १ : २०४८, २०५१ र २०५६ का प्रतिनिधिसभा निर्वाचनमा महिलाको उम्मेदवारी तथा प्रतिनिधित्व | २९ |
| अनुसूची २ : संविधानसभा सदस्य निर्वाचन २०६४ मा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फको दलगत परिणाम | २९ |
| अनुसूची ३ : संविधानसभा सदस्य निर्वाचन २०७० मा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फको दलगत परिणाम | ३० |
| अनुसूची ४ : प्रदेशसभा सदस्य निर्वाचन २०७९ मा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ दलगत उम्मेदवारी र नतिजा | ३० |

अनुसूची ५ : प्रतिनिधिसभा सदस्य निर्वाचन २०७४ र २०७९ को प्रत्यक्षतर्फ दलगत उम्मेदवारी सङ्ख्या ३४
अनुसूची ६ : नेपाली काँग्रेस जिल्ला कार्यसमितिका पदाधिकारीमा महिला प्रतिनिधित्व ३५
अनुसूची ७ : नेपाली काँग्रेस प्रदेश कार्यसमितिका पदाधिकारीमा महिला प्रतिनिधित्व ३५
अनुसूची ८ : नेपाली काँग्रेस केन्द्रीय पदाधिकारी तथा केन्द्रीय समितिमा महिला प्रतिनिधित्व ३६
अनुसूची ९ : नेकपा (एमाले) जिल्ला कमिटीका पदाधिकारीमा महिला प्रतिनिधित्व ३६
अनुसूची १० : नेकपा (एमाले) प्रदेश कमिटीका पदाधिकारीमा महिला प्रतिनिधित्व ३७
अनुसूची ११ : नेकपा (एमाले) केन्द्रीय पदाधिकारी, स्थायी कमिटी सदस्य, पोलिटब्यूरो सदस्य तथा केन्द्रीय समितिमा महिला प्रतिनिधित्व ३८
अनुसूची १२ : नेकपा (माओवादी केन्द्र) प्रदेश कमिटीका पदाधिकारीमा महिला प्रतिनिधित्व ३८
अनुसूची १३ : नेकपा (माओवादी केन्द्र) केन्द्रीय पदाधिकारी, स्थायी कमिटी सदस्य तथा केन्द्रीय समितिमा महिला प्रतिनिधित्व ३९

# आभार

नेपालको प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचन प्रत्यक्षतर्फ महिला उम्मेदवारीको विश्लेषणका लागि अन्तर्वार्ता गरिएका प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य, राजनीतिक दलका प्रतिनिधि, पत्रकार, नागरिक समाजका प्रतिनिधि, महिला अधिकारकर्मीप्रति डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल (डीआरसीएन) कृतज्ञ छ। नेपाली काँग्रेस, नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) पार्टीका केन्द्रीय, प्रदेश र जिल्ला कमिटीका पदाधिकारीले ती कमिटीका पदाधिकारीको विवरण उपलब्ध गराइदिनुभएकोमा धन्यवाद छ। प्रतिवेदन मस्यौदामाथि प्रणिका कोयू, डा. बिन्दा पाण्डे र रेनु चन्दबाट प्राप्त सुझाव महत्त्वपूर्ण रह्यो। प्रतिवेदनको सम्पादन गर्ने चन्द्रशेखर पराजुली र प्रतिवेदनको लेआउट तथा डिजाइन गर्ने किशोर प्रधानप्रति डीआरसीएन आभारी छ।

द एसिया फाउन्डेशनले यो अध्ययनलाई आर्थिक तथा प्राविधिक सहयोग प्रदान गरेको हो। यस प्रतिवेदनका सबै निचोड र विश्लेषण डीआरसीएनको अध्ययनमा आधारित छन् र तिनले सहयोगी संस्थाको धारणा प्रतिबिम्बित नगर्न सक्छन्।

डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल (डीआरसीएन)
कुपण्डोल, ललितपुर

# १. पृष्ठभूमि

फागुन १, २०५२ देखि नेपाल कम्युनिष्ट पार्टी (माओवादी) [नेकपा (माओवादी)] ले शुरू गरेको सशस्त्र विद्रोहको शान्तिपूर्ण राजनीतिक निकास र राजतन्त्रको अन्त्य गर्न तत्कालीन विद्रोही पक्ष नेकपा (माओवादी) र सात राजनीतिक दलबीच १२ बुँदे समझदारी भयो ।[१] सो समझदारीमा वर्गीय, जातीय, लिङ्गीय, क्षेत्रीय आदि समस्याहरूको समाधान राज्यको अग्रगामी पुनर्संरचनामार्फत गर्ने उल्लेख थियो । विद्रोही नेकपा (माओवादी) सहित सात राजनीतिक दलले २०६२/०६३ मा गरेको आन्दोलनको सफलतापश्चात् विघटित प्रतिनिधिसभा पुनर्स्थापना भयो ।[२] उक्त पुनर्स्थापित सभाले जेठ १६, २०६३ मा जरुरी सार्वजनिक महत्त्वको प्रस्तावद्वारा महिला समानताका मूल मुद्दामा प्रतिबद्धता जनायो ।[३] उक्त प्रस्तावपछि राज्यका सबै निकायमा समानुपातिक सहभागिताको लक्ष्यसहित कम्तीमा एक तिहाइ महिला सहभागिता गराउने सर्वसम्मत निर्णय भयो । तर सार्वजनिक बुझाइ र तथ्यहरूले भन्छन्- तिनको सही कार्यान्वयनमा राजनीतिक नेतृत्वको उत्साह र इच्छाशक्ति देखिएन ।[४]

*नेपालको अन्तरिम संविधान,* २०६३ को राज्यको दायित्व, निर्देशक सिद्धान्त तथा नीतिहरूसम्बन्धी भागमा लैङ्गिक लगायतका समस्या समाधान गर्न केन्द्रीकृत र एकात्मक ढाँचाको अन्त्य गरी राज्यको समावेशी, लोकतान्त्रिक र अग्रगामी पुनर्संरचना गर्ने उल्लेख गरियो । चैत ३०, २०६३ मा पहिलो संशोधनमार्फत उक्त संविधानमा मुलुकको राज्य संरचनाका सबै अङ्गहरूमा मधेशी, दलित, आदिवासी जनजाति, महिला, मजदूर, किसान, अपाङ्ग, पिछडिएका वर्ग र क्षेत्र सबैलाई समानुपातिक समावेशिताको आधारमा सहभागी

---

[१] सात राजनीतिक दलमा नेपाली काँग्रेस, नेकपा (एमाले), नेपाली काँग्रेस (प्रजातान्त्रिक), जनमोर्चा नेपाल, नेपाल मजदूर किसान पार्टी, नेपाल सद्भावना पार्टी र संयुक्त वाममोर्चा थिए ।

[२] जेठ ८, २०५९ मा तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाको सिफारिसमा तत्कालीन राजा ज्ञानेन्द्रले प्रतिनिधिसभा विघटन गरे । असोज १८, २०५९ मा राजा ज्ञानेन्द्रले प्रधानमन्त्री शेरबहादुर देउवालाई बर्खास्त गरे भने जेठ २१, २०६१ मा पुनः उनैलाई प्रधानमन्त्री नियुक्त गरे । तर सोही वर्ष माघ १९, २०६१ मा राजा ज्ञानेन्द्रले पुनः देउवालाई पदच्युत गरी प्रत्यक्ष शासन लागू गरे । उनको यस कदमले विद्रोही नेकपा (माओवादी) र शान्तिपूर्ण आन्दोलन गरिराखेका सात दललाई नजिक ल्यायो । यही पृष्ठभूमिमा १२ बुँदे समझदारी भयो । चैत २२, २०६२ देखि वैशाख ११, २०६३ सम्म देशव्यापी जनआन्दोलन भयो । त्यही आन्दोलनको परिणामस्वरूप वैशाख ११, २०६३ मा राजा ज्ञानेन्द्रले शासनभार जनतालाई सुम्पिएको र विघटित प्रतिनिधिसभा पुनर्स्थापना भएको घोषणा गरे ।

[३] उक्त प्रस्तावको प्रस्तावक तत्कालीन प्रतिनिधिसभा सदस्य विद्यादेवी भण्डारी थिइन् भने प्रस्तावका समर्थक कमला पन्त, नारायणप्रकाश साँउद र नवराज सुवेदी थिए ।

[४] पाण्डे, बिन्दा । २०७६ । *समानताका पाइलाहरू : राजनीतिक आन्दोलनको महिलावादी विश्लेषण* । पृ. ११ । काठमाडौं : फाइनप्रिन्ट बुक्स ।

गराउने प्रावधान थप गरियो ।[५] सोही संविधानमा संविधानसभाको निर्वाचनमा कम्तीमा एक तिहाइ महिला उम्मेदवार हुनुपर्ने व्यवस्था गरियो ।[६] संविधानसभाबाट जारी गरिएको नेपालको संविधानमा संघीय संसद् र प्रदेशसभामा कम्तीमा एक तिहाइ महिला सहभागितालाई सुनिश्चित गरियो ।[७] सोहीअनुरूप अहिले प्रतिनिधिसभा र प्रदेशसभामा कम्तीमा एक तिहाइ महिला सदस्यको प्रतिनिधित्व अनिवार्य छ ।

प्रतिनिधिसभाका लागि वि.सं. २०४८, २०५१ र २०५६ मा भएका निर्वाचनमा महिला उम्मेदवारी ६ प्रतिशतमा सीमित थियो (हेर्नुहोस् अनुसूची १) । समानुपातिक समावेशिताको सिद्धान्त कार्यान्वयन भएपश्चात् संविधानसभाका दुई र प्रतिनिधिसभा तथा प्रदेशसभाका दुई निर्वाचन सम्पन्न भएका छन् । संविधानसभा २०६४ र २०७० अनि प्रतिनिधिसभा २०७४ र २०७९ को निर्वाचनमा प्रत्यक्षतर्फ महिलाको उम्मेदवारी ११ प्रतिशत कट्न सकेको छैन (हेर्नुहोस् तालिका १) ।[८] त्यसैगरी प्रत्यक्ष निर्वाचनतर्फ सातै प्रदेशको प्रदेशसभा निर्वाचन २०७४ र २०७९ मा महिलाको उम्मेदवारी ९ प्रतिशतभन्दा कम छ (हेर्नुहोस् तालिका २) । यसले २०६४ अघिको तुलनामा प्रतिनिधिसभामा महिलाको उम्मेदवारी केही बढेको त देखाउँछ तर महिलाको जनसङ्ख्याको अनुपातमा यो निकै कम हो ।[९] यो संविधानले सुनिश्चित गरेको समानुपातिक समावेशिताको मर्मविपरीत रहेको छ । राज्यको महत्त्वपूर्ण निकायमा देखिने यस्तो लैङ्गिक पूर्वाग्रहबारे खोज अध्ययन गरिनु आवश्यक देखियो । यस निर्वाचन प्रणालीअन्तर्गत महिलाले उम्मेदवार बन्न सामना गर्न र छिचोल्न परेको विविध पक्षमा यो अध्ययन केन्द्रित छ ।

---

[५] युएनडीपी नेपाल । २०६५ । *नेपालको अन्तरिम संविधान, २०६३ : पहिलोदेखि छैटौँ संशोधनसहित* । पृ. ८३ । ललितपुर : युएनडीपी नेपाल ।

[६] *नेपालको अन्तरिम संविधान २०६३*, धारा ६३(५) ।

[७] *नेपालको संविधान*, धारा ८४(८) र १७६(९) ।

[८] नेपालमा मुख्यतः पहिलो हुने निर्वाचित हुने र समानुपातिक निर्वाचन प्रणाली प्रचलनमा छन् । सदर मतमध्ये जसको धेरै मत हुन्छ उही एक जनाले निर्वाचन जित्ने प्रक्रिया पहिलो हुने निर्वाचित हुने प्रणालीमा अपनाइन्छ । निश्चित निर्वाचन क्षेत्रबाट व्यक्तिले सिधै भोट पाउने भएकाले यसलाई प्रत्यक्ष निर्वाचन प्रणाली पनि भनिन्छ । प्रतिनिधिसभामा समानुपातिक प्रणालीमा सम्पूर्ण देशलाई एक क्षेत्र मानी दलले पाएको कुल मतको आधारमा उम्मेदवार छानिन्छन् । प्रतिनिधिसभामा समानुपातिकतर्फ खसेको कुल सदर मतको ३ प्रतिशत मत प्राप्त गर्ने दलले मात्र समानुपातिकतर्फबाट प्रतिनिधि छान्न पाउँछन् । त्यस्तै प्रदेश सभाको प्रत्यक्षतर्फ भने एउटा प्रदेशलाई एउटा निर्वाचन क्षेत्र मानेर त्यस प्रदेशका मतदाताले राजनीतिक दललाई मतदान गर्छन् । राजनीतिक दलले समानुपातिकतर्फ प्राप्त गरेको मतको आधारमा तिनले आयोगमा बुझाएको उम्मेदवारको बन्दसूचीबाट प्राथमिकताको क्रम सङ्ख्याअनुसार प्रतिनिधि छानिन्छन् । प्रदेशसभामा समानुपातिक तर्फबाट प्रतिनिधित्व गर्ने राजनीतिक दलले सो प्रदेशसभामा समानुपातिकतर्फ खसेको सदर मतको १.५ प्रतिशत मत ल्याउनु पर्छ ।

[९] राष्ट्रिय जनगणना २०७८ अनुसार महिलाको जनसङ्ख्या करिब ५२ प्रतिशत छ ।

## २. अध्ययन विधि

प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचन २०७४ र २०७९ को नतिजा अध्ययन गर्दा प्रत्यक्षतर्फ महिलाको उपस्थिति न्यून देखियो । यसको कारण के होला भन्ने जिज्ञासा बोकेर यो अध्ययन थालिएको हो । त्यसैले प्रतिनिधिसभा तथा प्रदेशसभाको प्रत्यक्ष निर्वाचन प्रणालीअन्तर्गत महिला उम्मेदवारीमा अध्ययन केन्द्रित छ । प्रत्यक्ष निर्वाचन प्रणालीमा उम्मेदवार सिफारिस एवं छनोटको विधि तथा महिलालाई उम्मेदवार बन्न सामना गर्नुपर्ने चुनौतीबारे बुझ्न प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य, तीनै तहका निर्वाचनका आकांक्षी उम्मेदवार, राजनीतिक दलका प्रतिनिधि आदिसँग अन्तर्वार्ता गरिएको थियो । साथै, पत्रकार, नागरिक समाजका प्रतिनिधि, महिला अधिकारकर्मीसँग भएका संवादलाई पनि अध्ययनमा समेटिएको छ । २०७४ र २०७९ को निर्वाचनमा प्रतिनिधिसभामा राष्ट्रिय दलको मान्यता पाएका दलहरू र प्रदेशसभाको लागि प्रदेशसभा सदस्य निर्वाचन २०७९ बाट सम्बन्धित प्रदेशसभामा प्रतिनिधित्व गरेका दलहरूको उम्मेदवारीको तथ्याङ्क विश्लेषण गरिएको थियो ।[१०] प्रत्यक्ष निर्वाचन प्रणालीमा महिला उम्मेदवारीको प्रवृत्ति र स्वरूप विश्लेषण गर्न पूर्व प्रकाशित सामग्री पनि प्रयोग गरिएको छ । उम्मेदवार छनोट प्रक्रियाका लागि निर्वाचन आयोग र राजनीतिक दलले तयार पारेका दस्तावेजहरू पनि केलाइएको छ । यस अध्ययनमा देशै भरका उम्मेदवारीको तथ्याङ्क केलाइए पनि सुदूरपश्चिम, बागमती, मधेश र कोशी प्रदेशका ४४ प्रतिनिधिहरूसँग प्रत्यक्ष अन्तर्वार्ता तथा टेलिफोन संवाद गरिएको थियो । अध्ययन समयसीमाका कारण यी चार प्रदेश मात्र समेटिएको थियो ।

उम्मेदवारी छनोटमा दलका विभिन्न समितिका पदाधिकारीको भूमिका हुन्छ । महिला उम्मेदवारी सन्दर्भमा त्यस्ता समितिमा महिलाको उपस्थिति हेरिनु उत्तिकै महत्त्वपूर्ण छ । त्यसैले यो अध्ययनले दलका समितिको समावेशिताबारे पनि लेखाजोखा गरेको छ । यद्यपि अध्ययनको समयसीमालाई ध्यानमा राख्दै तीन राजनीतिक दल- नेपाली काँग्रेस, नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) [नेकपा (एमाले)] र नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) [नेकपा (माओवादी केन्द्र)] लाई मात्र यहाँ समेटिएको छ । तीमध्ये नेपाली काँग्रेस र नेकपा (एमाले) को केन्द्रीय, प्रदेश र जिल्ला समितिमा महिलाको प्रतिनिधित्व कस्तो छ भनेर केलाइएको छ भने नेकपा (माओवादी केन्द्र) को केन्द्रीय र प्रदेश समितिमा महिला

---

[१०] *राजनीतिक दल सम्बन्धी ऐन, २०७३* को दफा ५२ अनुसार प्रतिनिधिसभाको निर्वाचनमा समानुपातिक निर्वाचन प्रणालीतर्फ कम्तीमा ३ प्रतिशत मत र पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ एक सिट प्राप्त गर्ने दलले मात्र राष्ट्रिय दलको रूपमा मान्यता प्राप्त गर्छन् ।

प्रतिनिधित्वलाई मात्र समेटिएको छ । नेकपा (माओवादी केन्द्र) को विधानअनुसार स्थानीय, प्रदेश र केन्द्रीय समिति कार्यकारी भूमिकामा छन् भने जिल्ला समितिको भूमिका समन्वयमा सीमित छ ।[११]

## ३. संवैधानिक तथा कानूनी प्रावधान

नेपालको संविधानको प्रस्तावनामा नै सामन्ती, निरङ्कुश, केन्द्रीकृत र एकात्मक राज्य व्यवस्थाले सिर्जना गरेका सबै प्रकारका विभेद र उत्पीडन अन्त्य गर्ने उल्लेख छ । लैङ्गिक र अन्य विभेदको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने सङ्कल्प यस संविधानले गरेको छ । संविधानको भाग ३ मा मौलिक हक र कर्तव्यबारे र सोहीअन्तर्गत धारा १८ मा समानताको हकसम्बन्धी व्यवस्था छ जसमा सबै नागरिक कानूनको दृष्टिमा समान हुने र कसैलाई पनि कानूनको समान संरक्षणबाट वञ्चित नगरिने आशय व्यक्त गरिएको छ । उपधारा ३ मा महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम, जस्ता सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका उत्पीडित वर्गलाई संरक्षण, सशक्तीकरण र विकासका लागि विशेष व्यवस्था छ । संविधानको धारा ३८ मा महिलाको हकबारे उल्लेख छ । धारा ३८ (४) मा राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक सुनिश्चित गरिएको छ । त्यस्तै संविधानको धारा ४२ अन्तर्गत सामाजिक न्यायको हकमा आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछाडि परेका महिला, यौनिक अल्पसङ्ख्यक लगायतलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका निकायमा सहभागिताको व्यवस्था गरेको छ । संविधानको धारा ४७ मा मौलिक हक कार्यान्वयनका लागि आवश्यकताअनुसार राज्यले यो संविधान प्रारम्भ भएको

[११] यी तथ्याङ्कहरू ती दलका केन्द्रीय कार्यालयमा माग गरिएको थियो । नेकपा (एमाले) बाट मधेश प्रदेशका धनुषा र महोत्तरी; गण्डकी प्रदेशको मनाङ र सुदूरपश्चिम प्रदेशका बझाङ र दार्चुलाबाहेक अरू सबै जिल्लाको विवरण प्राप्त भयो । त्यसैगरी नेपाली काँग्रेसको प्रदेश र जिल्ला समितिका सभापतिहरूको विवरण मात्र उपलब्ध भएकोले सबै जिल्ला र प्रदेश समितिका सभापतिहरूलाई टेलिफोनमार्फत संवाद गरी त्यहाँको विवरण सङ्कलन गरिएको थियो । तर नेकपा (माओवादी केन्द्र) को भने प्रदेश र केन्द्रीय समितिको मात्र विवरण उपलब्ध भयो । स्थानीय र जिल्ला समितिको विवरण पार्टी कार्यालयमै अद्यावधिक नभएको पार्टी कार्यालयका सचिवले बताए । नेपाली काँग्रेसको केन्द्रीय सदस्य तथा केन्द्रीय पदाधिकारीको विवरण पार्टीको वेबसाइट https://www.nepalicongress.org/central-working-committee बाट लिइएको थियो । त्यस्तै नेकपा (एमाले) को केन्द्रीय सदस्य, पोलिटब्यूरो सदस्य, स्थायी कमिटी सदस्य र केन्द्रीय पदाधिकारीको विवरण पार्टीको वेबसाइट https://cpnuml.org/committee/central_committee बाट लिइएको थियो । दुवै वेबसाइट विवरण असार १९, २०८० मा हेरिएको हो । यी दलका गैरभौगोलिक समितिलाई यस अध्ययनमा समेटिएको छैन ।

तीन वर्षभित्र कानूनी व्यवस्था गर्नुपर्ने उल्लेख भए पनि सात वर्ष बितिसक्दासमेत उल्लिखित संवैधानिक हक कानूनको अभावमा कार्यान्वयनमा आउन सकेको छैन ।

संविधानको भाग ८ मा संघीय व्यवस्थापिकाअन्तर्गत धारा ८४ मा प्रतिनिधिसभा गठनको व्यवस्था छ । प्रतिनिधिसभाका २७५ सदस्यमध्ये नेपाललाई जनसङ्ख्या र भौगोलिक अनुकूलता तथा विशिष्टताका आधारमा १६५ निर्वाचन क्षेत्र कायम गरी प्रत्येक निर्वाचन क्षेत्रबाट पहिलो हुने निर्वाचित हुने प्रणालीबमोजिम एक जना चुनिन्छन् । ती हरेक निर्वाचन क्षेत्रलाई १ र २ गरी दुई भागमा विभाजन गरिएको छ । यसरी बाँडिएका हरेक क्षेत्रबाट पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबमोजिम एक-एक सदस्य प्रदेशसभामा चुनिन्छन् । त्यसैले प्रतिनिधिसभामा भन्दा प्रदेशसभामा दोब्बर सदस्य हुन्छन् ।

संविधानको धारा २६९ मा राजनीतिक दलको गठन, दर्ता र सञ्चालनसम्बन्धी व्यवस्थाको उपधारा ४(ग) ले “दलको विभिन्न तहका कार्यकारिणी समितिमा नेपालको विविधतालाई प्रतिबिम्बित गर्ने गरी समावेशी प्रतिनिधित्वको व्यवस्था गरिएको हुनुपर्छ” भनेको छ । यसबारे *राजनीतिक दल सम्बन्धी (पहिलो संशोधन) ऐन, २०७४* को दफा १५ (४) मा अझ प्रस्ट पारिएको छ जसअनुसार दलका सबै तहका समितिमा कम्तीमा एक तिहाइ महिला सदस्य हुनुपर्छ ।

## ४. राजनीतिक दलको उम्मेदवारी सिफारिस मापदण्ड

२०७९ मा भएको प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनमा राष्ट्रिय मान्यता प्राप्त दलहरूका प्रत्यक्षतर्फका उम्मेदवारी सिफारिसका लागि वाञ्छनीय योग्यतालाई यहाँ केलाइएको छ । निर्वाचन क्षेत्र जनसङ्ख्या र भूगोलमा आधारित भएकाले अझै पनि जिल्लालाई निर्वाचन क्षेत्रको भौगोलिक सीमा मानिएको छ । राजनीतिक दलहरूले उम्मेदवार सिफारिसको लागि स्थानीय तह वा निर्वाचन क्षेत्रस्तरीय समितिबाट जिल्ला कार्यसमितिमा पठाउने र त्यसले आफ्नो रायसहित दलका प्रदेशस्तरीय कार्यसमितिलाई सिफारिस गर्ने प्रक्रिया अपनाएका थिए । उक्त सिफारिसलाई प्रदेश कार्यसमितिले पनि आफ्नो रायसहित केन्द्रमा पठाउने र त्यससम्बन्धी अन्तिम निर्णय केन्द्रले गर्ने दलहरूको अभ्यास थियो ।

प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचन २०७९ को लागि प्रत्येक निर्वाचन क्षेत्रबाट महिलासहित बढीमा तीन जना सिफारिस गर्ने नीति नेपाली काँग्रेस र नेकपा (एमाले) ले लिएका थिए । नेकपा (माओवादी केन्द्रले) ले भने सकेसम्म सर्वसम्मत गरी एक जनाको मात्रै नाम सिफारिस गर्न, नभए वर्णानुक्रममा बढीमा तीन जनाको नाम सिफारिस गर्न लगाएको थियो । लोकप्रिय र

चुनाव जित्न सक्ने उम्मेदवार सिफारिस गर्ने मापदण्ड यी तीनै दलको थियो। नेपाली काँग्रेस र नेकपा (एमाले) ले सिफारिस सूचीमा एक महिला अनिवार्य हुनुपर्ने निर्देशन दिएका थिए। तर नेकपा (माओवादी केन्द्र) मा भने तीन जनाको नाम दिँदा महिलाको नाम दिनैपर्ने भन्ने थिएन। “स्थानीय तहको निर्वाचन २०७९ मा नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल ‘प्रचण्ड’ ले जित्ने ठाउँमा महिला उम्मेदवार बनाउन तल्लो समितिमा विशेष सर्कुलर पठाएका थिए। तर त्यसबारे तल्लो समितिका बैठकहरूमा छलफलसमेत भएन। माओवादी केन्द्रको अध्यक्षले जित्ने ठाउँमा महिला उम्मेदवार बनाउन निर्देशन दिएको सर्कुलर त तल्ला समितिले ‘अवज्ञा’ गरे भने सर्वसम्मत उम्मेदवार चयन गर्ने वा महिलाको सङ्ख्या नतोकी तीन जनाको नाम मात्र सिफारिस गरेर केन्द्रमा पठाउने भन्दैमा महिला प्राथमिकतामा किन पर्थे,” नेकपा (माओवादी केन्द्र) की एक नेताले प्रश्न गरिन्।

उम्मेदवार सिफारिसमा महिला हुनैपर्ने भनी मापदण्ड तोकेका राजनीतिक दलहरूको कार्यान्वयन पनि फितलो थियो। नेकपा (एमाले) ले प्रतिनिधिसभा र प्रदेशसभाको प्रत्येक निर्वाचन क्षेत्रबाट एक महिलासहित तीन उम्मेदवारको नाम सिफारिस गर्न निर्देशन दिएको थियो। तर झण्डै एक तिहाइ निर्वाचन क्षेत्रमा सर्वसम्मत एक जना मात्र सिफारिसमा परेको बताइयो। उक्त दलको बागमती प्रदेशकी एक महिला नेताले भनिन्, “आकांक्षीमध्ये तीन जनाको नाम सिफारिस गर्दा महिला पर्दै नपरेका उदाहरण धेरै थिए। त्यस्ता सिफारिसलाई पनि केन्द्रीय नेतृत्वले स्वीकार गऱ्यो जुन आफैले दिएको निर्देशन विपरीत थियो। अर्कोतर्फ, तीन जनाको नाम सिफारिस गर्नू भने पनि दर्जनौँ निर्वाचन क्षेत्रबाट एकल नाम आएको थियो। यस्तो निर्विकल्पमा पुरुषकै नाम आउने भइहाल्यो। यस्तो अभ्यासले वैकल्पिक नेतृत्व निर्माणमा रोक लगाउँछ। यो नेकपा (एमाले) ले अवलम्बन गरेको जनताको बहुदलीय जनवाद (जबज) को मर्म विपरीत थियो। जबजले कुनै पनि कुरा निर्विकल्प छ भन्दैन।” अर्कोतर्फ, महिलाको नाम विधि पूरा गर्नलाई मात्र सिफारिस गरिएको दृष्टान्त पनि पाइयो। २०३६ सालको जनमतसंग्रहदेखि राजनीतिमा प्रवेश गरेर २०४१ सालमा अखिल नेपाल महिला संघ (अनेमसंघ) को सदस्य भइसकेकी नेकपा (एमाले) बारा जिल्लाको एक महिला नेताको नाम २०४८ देखिका विभिन्न निर्वाचनका लागि सिफारिस भयो। तर उनलाई आफ्नो नाम पटक-पटक सिफारिसको औपचारिकता पुऱ्याउन मात्र राखिएको महसुस भएको छ। उनले एक पटक त आफ्नो नाम उम्मेदवारी सिफारिसमा परेकोबारे स्थानीय रेडियोमार्फत थाहा पाएको बताइन्। त्यस्तै, महिलाको नाम उनीहरूले जिम्मेवारी पाएको र जित्न सक्ने निर्वाचन क्षेत्रभन्दा फरक क्षेत्रबाट सिफारिस गरिएको उदाहरणले पनि औपचारिकता मात्र निर्वाह गरिएको पुष्टि हुन्छ (हेर्नुहोस् यसै प्रतिवेदनको खण्ड ८)।

नेपाली काँग्रेसले निरन्तर क्रियाशील सदस्यता कायम भई दलभित्र र आम जनतामा लोकप्रिय एवं २०७९ को स्थानीय तहको निर्वाचनमा दलको उम्मेदवारलाई विजयी बनाउन सक्रिय भूमिका निर्वाह गरेका मध्येबाट उम्मेदवार सिफारिस गर्ने मापदण्ड तोकेको थियो। नेकपा (एमाले) ले दलको नीति र कार्यक्रमप्रति प्रतिबद्ध, लोकप्रिय र विजयी हुने सम्भावना धेरै भएको, र आन्दोलनमा योगदान दिएको व्यक्तिलाई सिफारिस गर्न लगाएको थियो। त्यसैगरी नेकपा (माओवादी केन्द्र) ले पहिलो प्राथमिकता दलप्रति प्रतिबद्ध, अनुशासन र संगठनात्मक लगाव भएका, चुनाव जित्ने सम्भावनासहित जनमतलाई प्रभावित गर्न सक्ने लोकप्रियहरूमध्ये यसअघि निर्वाचित नभएकाहरूलाई दिनुपर्ने; दोस्रो प्राथमिकता एक पटक निर्वाचित भइसकेकाहरूमध्ये अघिल्लो बुँदाको मापदण्डभित्र परेकालाई दिइनुपर्ने र तेस्रो प्राथमिकता एक पटकभन्दा बढी निर्वाचित भएकाहरूलाई दिइनुपर्ने भनी मापदण्ड तोकेको थियो।

निर्वाचनमा पहिलो पटक भाग लिएको जनमत पार्टीले आकांक्षी उम्मेदवारलाई व्यक्तिगत विवरणसहित प्रश्नावली भर्न लगाएको थियो। त्यसमा निर्वाचन आयोगले तोकेको चुनावी खर्चको सीमाअनुसार पैसा खर्च गर्न सक्छु भनी उल्लेख पनि गर्नुपर्थ्यो। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले भने सम्बन्धित निर्वाचन क्षेत्रमा मतदाता ठेगाना भएका दलका साधारण सदस्यको निर्वाचन मण्डलबाट मतदान गरेर उम्मेदवार छानेको थियो। निर्वाचन मण्डलमा मतदाता सदस्यहरूको अन्तिम नामावली केन्द्रीय समितिले बढीमा ९० दिन र कम्तीमा सात दिनअघि तोक्ने प्रावधान यस दलको छ। निर्वाचनको मिति पनि केन्द्रीय समितिले नै तोक्ने व्यवस्था छ।

## ५. २०६४ पछि महिला उम्मेदवारी

संविधानसभा सदस्य निर्वाचन २०६४ मा प्रत्यक्षतर्फ कुल २४० सिटका लागि देशभरि ३६८ महिला र ३,५७८ पुरुषले उम्मेदवारी दिएका थिए। महिलाको उम्मेदवारी ९ प्रतिशत मात्र थियो। त्यसमा ३० जना महिला निर्वाचित भए जुन प्रत्यक्षतर्फको कुल सदस्य सङ्ख्याको १२ प्रतिशत मात्र हो (हेर्नुहोस् तालिका १)। उक्त अवधिमा समानुपातिक समावेशिताको मुद्दालाई प्राथमिकताका साथ उठाइरहेको तत्कालीन नेकपा (माओवादी) ले अन्य दलको तुलनामा प्रत्यक्षतर्फ नै सबैभन्दा बढी (४२ जना) महिला उम्मेदवार उठाएको थियो।[१२] २०६४ को संविधानसभामा तत्कालीन नेकपा (माओवादी) का २४ महिला प्रत्यक्ष निर्वाचन प्रणालीबाट नै निर्वाचित भए, जबकि नेपाली काँग्रेस र मधेशी जनअधिकार फोरम नेपालबाट दुई-दुई जना

[१२] निर्वाचन आयोग नेपाल। २०६५। *संविधानसभा सदस्य निर्वाचन २०६४ निर्वाचन परिणाम पुस्तिका*। पृ. १६। काठमाडौँ: निर्वाचन आयोग नेपाल।

र नेकपा (एमाले) र तराई मधेश लोकतान्त्रिक पार्टीबाट एक-एक जना मात्र निर्वाचित भए (हेर्नुहोस् अनुसूची २)।[१३]

२०६४ र २०७० को संविधानसभा सदस्य निर्वाचन र २०७४ र २०७९ को प्रतिनिधिसभा सदस्य निर्वाचनमा प्रत्यक्षतर्फ कुनैमा पनि कुल उम्मेदवारीको ११ प्रतिशत कट्ने गरी महिला उम्मेदवारी परेको छैन। २०६४ को निर्वाचनपश्चात् क्रमश: महिलाको नेतृत्व विकास भई प्रत्यक्षमा महिला उम्मेदवारी सङ्ख्या बढ्नुपर्ने हो। तर महिला उम्मेदवारी प्रतिशत स्थिर भएको तथ्याङ्क छ। अझ २०६४ र २०७९ को निर्वाचनमा महिला उम्मेदवारी जम्मा ९.३ प्रतिशत थियो। २०७० को निर्वाचनमा त्यसमा केही वृद्धि भएर १०.९ प्रतिशत पुगे पनि २०७४ को निर्वाचनमा पुनः घटेर ७.५ प्रतिशतमा झर्‍यो (हेर्नुहोस् तालिका १)। प्रतिनिधिसभा र सातै प्रदेशमा प्रत्यक्षतर्फको उम्मेदवारीलाई केलाउँदा महिलाको उम्मेदवारी क्रमिक रूपमा घट्दो त छँदैछ, निर्वाचित हुनेको सङ्ख्या अझ कम छ। अन्तर्वार्ताका क्रममा अधिकांश उत्तरदाताले राजनीतिक दलले महिलालाई उम्मेदवार बनाइहालेमा पनि दलको पकड कमजोर भएको निर्वाचन क्षेत्रमा बनाउने गरेको दाबी गरेका थिए। निर्वाचन नतिजाले उक्त दाबीलाई प्रमाणित गर्छ।

**तालिका १ : संविधानसभा र प्रतिनिधिसभा निर्वाचनमा प्रत्यक्षतर्फको उम्मेदवारी र नतिजा**

| निर्वाचन | उम्मेदवार | | | निर्वाचित | |
|---|---|---|---|---|---|
| | कुल | पुरुष (%) | महिला (%) | पुरुष (%) | महिला (%) |
| २०६४ | ३९४६ | ३५७८ (९०.७ %) | ३६८ (९.३ %) | २१० (८७.५ %) | ३० (१२.५ %) |
| २०७० | ६१२४ | ५४५७ (८९.१ %) | ६६७ (१०.९ %) | २३० (९५.८ %) | १० (४.२ %) |
| २०७४ | १९२५ | १७८१ (९२.५ %) | १४४ (७.५ %) | १५९ (९६.४ %) | ६ (३.६ %) |
| २०७९ | २४१२ | २१८७ (९०.७ %) | २२५ (९.३ %) | १५६ (९४.५ %) | ९ (५.५ %) |

*स्रोत : निर्वाचन आयोग नेपाल।*

प्रतिनिधिसभामा दलगत महिला उम्मेदवारीको अवस्था अध्ययन गर्न २०७४ र २०७९ को निर्वाचनमा राष्ट्रिय मान्यता पाएका दललाई छानिएको छ। तीमध्ये दुवै निर्वाचनमा सबैभन्दा धेरै (क्रमशः ६.८% र १७.४%) महिला उम्मेदवार उठाउने राजनीतिक दलमा नेकपा

[१३] नेकपा (माओवादी) बाट प्रत्यक्ष निर्वाचित २४ जना महिलामध्ये सभासद् रामकुमारी यादवको साउन २९, २०६७ मा ग्यास दुर्घटनामा परि मृत्यु भएको थियो।

(माओवादी केन्द्र) परेको छ। त्यसपछि २०७९ को निर्वाचनमा मात्रै भाग लिएको रास्वपाले अन्य दलभन्दा धेरै (९.२%) महिला उम्मेदवार उठाएको थियो। प्रमुख राजनीतिक दल नेपाली काँग्रेसबाट महिला उम्मेदवार २०७४ को निर्वाचनमा ५.८ प्रतिशत थियो भने २०७९ को निर्वाचनमा ५.५ प्रतिशत थियो। त्यसैगरी नेकपा (एमाले) बाट २०७४ को निर्वाचनमा ४.९ प्रतिशत महिला उम्मेदवार थिए भने २०७९ को निर्वाचनमा त्यसमा वृद्धि भएर ७.८ प्रतिशत पुग्यो (हेर्नुहोस् अनुसूची ५)।

## ६. प्रदेशसभा निर्वाचन प्रत्यक्षतर्फको महिला उम्मेदवारी

महिलाको उम्मेदवारी प्रदेशसभा निर्वाचन २०७४ मा ७.४ प्रतिशत र २०७९ मा ८.७ प्रतिशत थियो। यसले प्रतिनिधिसभा भन्दा प्रदेशसभामा महिला उम्मेदवारी अझ कमजोर स्थितिमा रहेको देखाउँछ। दुवै निर्वाचनमा महिला उम्मेदवार सबैभन्दा कम कर्णाली प्रदेशमा थिए। २०७४ को प्रदेशसभा निर्वाचनमा सबैभन्दा धेरै महिला उम्मेदवार बागमती प्रदेशमा (११.४%) थिए भने २०७९ मा सबैभन्दा धेरै महिला उम्मेदवार गण्डकी प्रदेशमा (१२.३%) थिए। यी दुवै प्रदेशको महिला उम्मेदवारी प्रतिशत २०७४ को निर्वाचनको तुलनामा २०७९ मा केही बढेको थियो। कोशी प्रदेशमा महिला उम्मेदवारी करिब दोब्बर भएको थियो। यसैगरी मधेश प्रदेशमा पनि २०७४ को तुलनामा २०७९ को प्रदेशसभा निर्वाचनमा १.७ प्रतिशतले महिला उम्मेदवारी बढेको थियो। तर सुदूरपश्चिम र लुम्बिनी प्रदेशमा भने २०७४ को तुलनामा २०७९ मा महिला उम्मेदवारी घटेको थियो (हेर्नुहोस् तालिका २)।

सात ओटा प्रदेशसभामा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीअन्तर्गत जम्मा ३३० सदस्य छानिन्छन्। तीमध्ये सुदूरपश्चिम प्रदेशमा ३२, कर्णालीमा २४, लुम्बिनीमा ५२, गण्डकीमा ३६, बागमतीमा ६६, मधेशमा ६४ र कोशीमा ५६ जना पर्छन्। प्रदेशसभामा प्रतिनिधित्व गर्ने दलबाट कुल सदस्य सङ्ख्याको कम्तीमा एक तिहाइ महिला निर्वाचित गर्नुपर्ने कानूनी प्रावधान छ। प्रत्यक्ष अर्थात् पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीका लागि प्रतिनिधित्वबारे निर्वाचन कानूनले कुनै विशेष व्यवस्था गरेको छैन। महिलाको प्रतिनिधित्व कुल सदस्य सङ्ख्याको एक तिहाइ बनाउन राजनीतिक दलले समानुपातिक निर्वाचन प्रणालीको उपयोग गर्छन्। तर प्रत्यक्ष निर्वाचनतर्फ पुरुष मात्र उम्मेदवार बनाएका दललाई महिलाको सङ्ख्या एक तिहाइ पुऱ्याउन पनि कठिन हुन्छ।

प्रदेशसभाको प्रत्यक्ष निर्वाचनमा जिते पनि प्रदेशसभामा खसेको कुल मतको १.५ प्रतिशत मत नकटाउने दलले समानुपातिकमा सिट पाउँदैनन्। प्रत्यक्षमा थुप्रै सिट जिते पनि समानुपातिकमा थोरै मत पाएमा दलको भागमा समानुपातिक सिट कम पर्छ। यस्तो

### तालिका २ : प्रदेशसभा निर्वाचन २०७४ र २०७९ को प्रत्यक्षतर्फका उम्मेदवारी विवरण

| निर्वाचन | २०७९ | | | | २०७४ | | | |
|---|---|---|---|---|---|---|---|---|
| | उम्मेदवारी | | | | उम्मेदवारी | | | |
| प्रदेश | महिला | पुरुष | पारलिङ्गी | कुल | महिला | पुरुष | पारलिङ्गी | कुल |
| सुदूरपश्चिम | १३ (६.७ %) | १८० (९३.३ %) | ० (०.० %) | १९३ | १५ (८.४ %) | १६४ (९१.६ %) | ० (०.० %) | १७९ |
| कर्णाली | ३ (२.६ %) | ११३ (९७.४ %) | ० (०.० %) | ११६ | ३ (२.३ %) | १३० (९७.७ %) | ० (०.० %) | १३३ |
| लुम्बिनी | २९ (५.९ %) | ४६६ (९४.१ %) | ० (०.० %) | ४९५ | ४६ (७.७ %) | ५५५ (९२.३ %) | ० (०.० %) | ६०१ |
| गण्डकी | २९ (१२.३ %) | २०६ (८७.७ %) | ० (०.० %) | २३५ | २२ (९.३ %) | २१५ (९०.७ %) | ० (०.० %) | २३७ |
| बागमती | ८० (१२.० %) | ५८८ (८८.० %) | ० (०.० %) | ६६८ | ७२ (११.४ %) | ५६१ (८८.६ %) | ० (०.० %) | ६३३ |
| मधेश | ७४ (७.३ %) | ९३२ (९२.६ %) | १ (०.१ %) | १००७ | ५५ (५.६ %) | ९३० (९४.४ %) | ० (०.० %) | ९८५ |
| कोशी | ५२ (१०.२ %) | ४५८ (८९.८ %) | ० (०.० %) | ५१० | २७ (५.७ %) | ४४३ (९४.३ %) | ० (०.० %) | ४७० |
| जम्मा | २८० (८.७ %) | २९४३ (९१.३ %) | १ (०.० %) | ३२२४ | २४० (७.४ %) | २९९८ (९२.६ %) | ० (०.० %) | ३२३८ |

*स्रोत : निर्वाचन आयोग नेपाल ।*

अवस्थामा प्रदेशसभामा प्रतिनिधित्व गर्ने दलले ३३ प्रतिशत महिला पुऱ्याउन असम्भव छ। उदाहरणको लागि २०७४ को निर्वाचनपछिको कर्णाली प्रदेशसभालाई लिन सकिन्छ। त्यसबेला कर्णाली प्रदेशसभामा नेकपा (एमाले), नेकपा (माओवादी केन्द्र), नेपाली काँग्रेस र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) सहित चार राजनीतिक दलको प्रतिनिधित्व थियो। प्रत्यक्षमा एक सिट पनि नजितेको राप्रपाले समानुपातिकमा एक सिट पायो। त्यसमा राप्रपाले महिला उम्मेदवार निर्वाचित गऱ्यो। नेकपा (एमाले), नेकपा (माओवादी केन्द्र) र नेपाली काँग्रेसले क्रमश: १४, नौ र एक सिट प्रत्यक्षमा जितेका थिए। ती सबै (२४ जना) पुरुष थिए। नेकपा (एमाले) ले समानुपातिक निर्वाचन प्रणालीमा छ, नेकपा (माओवादी केन्द्र) ले चार र नेपाली काँग्रेसले पाँच सिट पाए। नेपाली काँग्रेसले ३३ प्रतिशत महिला सङ्ख्या पूरा गर्न दुई महिला सदस्य समानुपातिकमार्फत पठायो। नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) ले समानुपातिक निर्वाचन प्रणालीमार्फत आफूले जितेको पूरै सिटमा महिला पठाए। त्यसो गर्दा पनि जम्मा ४० जना रहेको कर्णाली प्रदेशसभामा १३ जना महिला मात्रै निर्वाचित भए र ती सबै समानुपातिक प्रणालीबाट आएका थिए। दलहरूले कानूनी बाध्यताअनुसार समानुपातिक निर्वाचन प्रणालीबाट महिला निर्वाचित गर्दा पनि प्रदेशसभामा महिलाको उपस्थिति ३२.५ प्रतिशतमा मात्र सीमित भयो। निर्वाचनमा स्वतन्त्र उम्मेदवार भई पुरुषले मात्र विजय हासिल गरे भने पनि सोही अवस्था आउँन सक्छ। त्यसैले कम्तीमा ३३ प्रतिशत प्रतिनिधित्व सुनिश्चित गर्न प्रत्यक्ष निर्वाचन प्रणालीमार्फत पनि उल्लेख्य सङ्ख्यामा महिला निर्वाचित हुनुपर्छ।

प्रदेशसभा निर्वाचन २०७९ मा कर्णाली प्रदेशसभामा प्रतिनिधित्व गर्ने कुनै पनि दलले प्रत्यक्षतर्फ महिला उम्मेदवार उठाएनन्। सुदूरपश्चिम प्रदेशसभामा प्रतिनिधित्व गर्ने छ दलमध्ये नेकपा (एमाले) बाट एक र नागरिक उन्मुक्ति पार्टीबाट तीन महिला मात्र प्रत्यक्षतर्फका उम्मेदवार थिए तर कोही पनि निर्वाचित भएनन्। त्यसैगरी लुम्बिनी प्रदेशसभामा प्रतिनिधित्व गर्ने १० दलमध्ये प्रत्यक्षतर्फ नेकपा (एमाले) का दुई, नेकपा (माओवादी केन्द्र) का दुई, नागरिक उन्मुक्ति पार्टीका तीन र जनता समाजवादी पार्टी (जसपा) नेपालका एक जना उम्मेदवार महिला थिए। अन्य प्रदेशमा पनि अवस्था यस्तै थियो। नेपाली काँग्रेसबाट बागमती प्रदेशमा उठेका पाँच जनाबाहेक अन्य कुनै प्रदेशमा महिला उम्मेदवार थिएनन् (हेर्नुहोस् अनुसूची ४)।

सातै प्रदेशको तथ्याङ्क केलाउने हो भने २०७९ को प्रदेशसभा सदस्य निर्वाचनमा १,०९४ जनाले स्वतन्त्र उम्मेदवारी दिएका थिए। तीमध्ये ९९६ पुरुष र ९८ महिला थिए। उक्त निर्वाचनमा एक महिलासहित १२ स्वतन्त्र उम्मेदवार निर्वाचित भए। तीमध्ये सबैभन्दा धेरै स्वतन्त्र उम्मेदवार मधेश प्रदेशमा थिए। त्यहाँ एक महिला र पाँच पुरुष गरी छ जना स्वतन्त्र उम्मेदवार निर्वाचित भए। त्यसैगरी लुम्बिनी प्रदेशमा तीन स्वतन्त्र पुरुष उम्मेदवार निर्वाचित

भए । गण्डकी, कर्णाली र सुदूरपश्चिम प्रदेशमा एक-एक गरी तीन स्वतन्त्र उम्मेदवार निर्वाचित हुन सके (हेर्नुहोस् अनुसूची ४) । सबैभन्दा धेरै (५४७) स्वतन्त्र उम्मेदवार मधेश प्रदेशमा थिए भने सबैभन्दा कम (१६) कर्णाली प्रदेशमा थिए । राजनीतिक दलहरूले उठाएका पुरुष उम्मेदवार ११९२ र महिला ७८ थिए (हेर्नुहोस् अनुसूची ४) । स्वतन्त्र उम्मेदवारको रूपमा पनि महिलाको तुलनामा पुरुषको सङ्ख्या बढी छ । तथापि, राजनीतिक दलहरूले प्रत्यक्ष निर्वाचनतर्फ उठाएको महिला उम्मेदवारको सङ्ख्याभन्दा स्वतन्त्र महिला उम्मेदवारको सङ्ख्या अलिकति बढी देखिन्छ । केही महिला उम्मेदवारले दलबाट टिकट नपाउँदा स्वतन्त्र उम्मेदवारी दिएको बताए । त्यसबाहेक निर्वाचनमा स्वतन्त्र उम्मेदवारीको ठूलो सङ्ख्या देखिनुको कारण दलहरूले नै निर्वाचन अवधिमा थप सुविधा (जस्तै धेरै सवारी पास पाउन, मतदान र मतगणनामा धेरै प्रतिनिधि बसाल्न) का लागि डमी उम्मेदवार खडा गर्ने भएर पनि हो भनी बताइयो ।

२०७९ को प्रदेशसभा निर्वाचनमा राजनीतिक दल तथा स्वतन्त्रबाट प्रत्यक्षतर्फका कुल २,३६३ उम्मेदवारमध्ये १७६ (७.४ %) जना मात्र महिला थिए । प्रत्यक्षबाट निर्वाचित भई आएका जम्मा ३३० प्रदेशसभा सदस्यमध्ये ३१६ (९५.८ %) जना पुरुष र १४ (४.२ %) जना महिला थिए । यसले पुरुष र महिला उम्मेदवारी सङ्ख्यामा रहेको ठूलो असमानतालाई उजागर गर्छ ।

## ७. महिला उम्मेदवार न्यून हुनुका कारण

नेपालमा प्रत्यक्ष निर्वाचन प्रणालीमा महिला उम्मेदवारको सङ्ख्या कम हुनुका विभिन्न कारणहरू देखिएका छन् । यी कारणहरूमा पुरुषवादी दलीय संरचना र सोच, महिलाको राजनीतिक आधार-प्रभाव क्षेत्रमा प्रश्न, अनौपचारिक बैठक तथा बहुभूमिकाको मारमा महिला, पुरुष नेताहरूको आलोचनाको प्रतिरोध, पहुँच र लबिङ शक्तिको कमी, व्यक्तिगत वैवाहिक स्थितिको प्रभाव र राजनीतिमा बढ्दो पैसाको शक्ति जस्ता पक्षबारे यहाँ चर्चा गरिएको छ ।

### *पुरुषप्रधान सोच र असमावेशी दलीय संरचना*

राजनीतिमा महिलाको प्रतिनिधित्व कम हुनुमा एउटा प्रमुख कारण पुरुषवादी दलीय संरचना र सोच हो । यसले लैङ्गिकताका पूर्वस्थापित धारणाहरू (स्टिरियोटाइपस्) लाई बलियो बनाउँछ र राजनीतिमा सक्रिय हुन चाहने महिलाहरूको लागि अवरोध सिर्जना गर्दछ ।[१४] निर्णयमा महत्त्वपूर्ण भूमिका खेल्ने दलका समितिहरू मुख्यतया पुरुषहरूले ओगटेका छन् ।

[१४] Tamang, Seira, Sumina Rai Karki, Amol Acharya and Srijana Nepal. 2022. *Beyond "Capacity": Gendered Election Processes, Networks, and Informality in Local Governments in Nepal-Policy Note.* Kathmandu: Australian AID and The Asian Foundation.

समितिका पदाधिकारीहरू नै नेताका रूपमा स्थापित हुने र विभिन्न कार्यक्रममा सहभागी हुने सम्भावना बढी हुन्छ, जसले उनीहरूलाई जनतामाझ आफ्नो राजनीतिक पहिचान बनाउन मद्दत गर्छ । यसप्रकार एउटा चक्र सिर्जना हुन्छ जहाँ नेतृत्वको पदमा पुरुषहरू हावी हुन्छन् र महिला पाखामा पर्छन् । दलका नेताहरूले निर्णय प्रक्रियामा बेवास्ता गरेको र आफ्नै दलभित्र आफ्नो आवाज सुनाउन संघर्ष गरेको अनुभव अन्तर्वार्ता गरिएका अधिकांश महिलाको थियो । नेपाली काँग्रेस सुदूरपश्चिम प्रदेशकी एक महिला नेताले भनिन्, "राजनीतिक दलमा पुरुष नेताले महिला नेतालाई पद दिने जस्तो व्यवहार गरिन्छ ।"

राजनीतिमा जनताबीच नेतृत्वको रूपमा स्थापित हुन भूगोलको जिम्मेवारी पाउनुलाई महत्त्वपूर्ण मानिन्छ ।[१५] *राजनीतिक दलसम्बन्धी ऐन, २०७३* ले व्यवस्था गरेअनुरूप दलहरूका सबै तहको समितिमा कम्तीमा एक तिहाइ महिला सदस्य हुनुपर्छ । तर अधिकांश दलमा महिलालाई समितिको सदस्यमा मात्रै सीमित गरिएको छ । जिम्मेवारीलाई विश्लेषण गर्दा अन्य सदस्यको तुलनामा समितिको पदाधिकारी नेतृत्वको रूपमा स्थापित हुने सम्भावना बढी हुन्छ । समितिमा सदस्य सङ्ख्या धेरै भएकाले बैठक सधैँ बस्न सम्भव हुँदैन । तर निर्णय भने दिनहुँ लिनुपर्ने हुन्छ । त्यसैले महत्त्वपूर्ण निर्णय पदाधिकारीले नै गर्ने र त्यसलाई अनुमोदन गर्न मात्र समितिमा लैजाने अभ्यास बस्दै गएको नेताहरू बताउँछन् । समितिका पदाधिकारीहरूलाई नै विभिन्न कार्यक्रममा आसन ग्रहण साथै भाषण गर्ने अवसर पनि प्राप्त हुन्छ । यस्ता कार्यले जनताबीच राजनीतिक नेतृत्वको रूपमा पहिचान बनाउने अवसर सिर्जना गर्छ ।

टोल, स्थानीय तह, जिल्लास्तरमै हुने पार्टीका विभिन्न सार्वजनिक कार्यक्रममै महिलालाई विभेदको व्यवहार गरिने गुनासो गर्दै मधेश प्रदेशका एक जिल्ला नेताले भने, "पदाधिकारी बनाउनु त परै जाओस् दलहरूले आयोजना गर्ने औपचारिक कार्यक्रममा कुनै जिम्मेवारीमा नभएका कनिष्ठ पुरुष नेतालाई आसन ग्रहण गराइन्छ तर त्यही कार्यक्रममा जिम्मेवारी भएका वरिष्ठ महिला नेतालाई आसन ग्रहणको अवसरसमेत दिइँदैन । अनि नेताको रूपमा महिलाले कसरी पहिचान बनाउनु ?" यस्तै तर्क गर्ने उत्तरदाताहरू मधेश प्रदेशमा धेरै थिए । राजनीतिक दलका पुरुष नेताले नै महिलालाई नेतृत्वको रूपमा स्वीकार नगरेको प्रसङ्ग जोड्दै नेकपा (एमाले) की एक नेताले भनिन्,

> "दलका समितिको पदाधिकारीमा महिला नहुनु भनेको महिलालाई भूगोलमा नेताको रूपमा स्थापित हुने अवसरबाट वञ्चित गर्नु हो । नेताहरूले महिलालाई दलभित्र

---

[१५] भूगोलको जिम्मेवारी भन्नाले राजनीतिक जिम्मेवारीसहितको भौगोलिक क्षेत्रलाई बुझिन्छ । जस्तै वडा समिति, पालिका तहका समिति, जिल्ला समिति, प्रदेश समिति आदि ।

नेतृत्वको रूपमा स्वीकार गर्न नै सकेका छैनन् । झन् महिलालाई उम्मेदवार बनाएर जनताको बीचमा नेतृत्व गर्ने अवसर कसरी दिन्छन् ? नेतृत्वको यस्तो मानसिकताले प्रत्यक्ष निर्वाचन प्रणालीबाट महिला उम्मेदवार बन्ने सम्भावनालाई कमजोर बनाएको छ ।"

दलका विभिन्न तहका समितिका पदाधिकारीमा पुरुषकै वर्चस्व छ र पदाधिकारीका रूपमा महिलाको उपस्थिति एकदमै कमजोर छ । नेपाली काँग्रेसका जिल्ला पार्टी सभापति र नेकपा (एमाले) को जिल्ला कमिटी अध्यक्ष महिला छैनन् । नेपाली काँग्रेसको विधानअनुसार प्रत्येक जिल्ला कार्यसमितिमा सभापति एक, उपसभापति दुई, सचिव दुई, सहसचिव दुई र कोषाध्यक्ष एक जना गरी आठ जना पदाधिकारी रहन्छन् । जसअनुसार ७७ जिल्लाका जिल्ला कार्यसमितिको पदाधिकारी संख्या जम्मा ६१६ हुन्छ । त्यसमध्ये जिल्ला कार्यसमितिमा २४ जना मात्र महिला पदाधिकारी छन् । त्यस्तै नेकपा (एमाले) को जिल्ला कमिटीमा अध्यक्ष एक, उपाध्यक्ष एक, सचिव एक र उपसचिव दुई गरी जम्मा पाँच जना जिल्ला कमिटीका पदाधिकारी हुन्छन् । त्यस हिसाबले ७७ जिल्लामा ३८५ जना जिल्ला कमिटीका पदाधिकारी रहन्छन् । जिल्ला कमिटी अध्यक्ष र सचिव पदमा महिला छैनन् । सबै जिल्लामा गरी जम्मा ३६ जना महिलामात्र पदाधिकारी छन् । तीमध्ये ३० जना उपसचिव भने बाँकी छ जना उपाध्यक्ष रहेका छन् (हेर्नुहोस् अनुसूची ६ र ९) ।

नेपाली काँग्रेसको प्रत्येक प्रदेश कमिटीमा एकजना सभापति, दुई जना उपसभापति, दुई जना महामन्त्री, तीन जना सहमहामन्त्री र एक जना कोषाध्यक्ष सहित नौ जना पदाधिकारी रहन्छन् । त्यसअनुसार सातै प्रदेश समितिमा ६३ पदाधिकारी हुन्छन् । तीमध्ये नौ जना मात्र महिला पदाधिकारी छन् । प्रदेश सभापति र महामन्त्री पदमा महिलाको संख्या शून्य छ । उपाध्यक्ष र कोषाध्यक्षमा एक-एक जना महिला छन् । बाँकी सात जना सहमहामन्त्री छन् । नेकपा (एमाले) को प्रत्येक प्रदेश कमिटीमा अध्यक्ष, उपाध्यक्ष र सचिव एक-एक जना रहन्छन् । त्यस्तै प्रत्येक प्रदेश कमिटीमा दुई जना उपसचिव रहन्छन् । यसरी प्रत्येक प्रदेश कमिटीमा पाँच जना पदाधिकारी रहन्छन् । सातै प्रदेशमा गरी पदाधिकारीको संख्या ३५ हुन्छ । तीमध्ये सात जना मात्र महिला छन् । ती सबै उपसचिव हुन् । अन्य पदाधिकारीमा महिला छैनन् । त्यस्तै नेकपा (माओवादी केन्द्र) को प्रत्येक प्रदेश कमिटीमा नौ जना पदाधिकारी रहन्छन् जसमा अध्यक्ष एक, उपाध्यक्ष तीन, सचिव दुई, सहसचिव दुई र कोषाध्यक्ष एक जना रहन्छन् । सातै प्रदेशमा जम्मा ६३ जना पदाधिकारी हुन्छन् । तिनमा महिला पदाधिकारी आठ जना मात्र छन् ।

अध्यक्ष दुई, उपाध्यक्ष एक, सहसचिव तीन र कोषाध्यक्षमा दुई जना महिला रहेका छन् भने सचिवमा महिला छैनन् (हेर्नुहोस् अनुसूची ७, १० र १२)।

त्यस्तै, १३ जना केन्द्रीय पदाधिकारीमध्ये नेपाली काँग्रेसमा एकजना मात्र महिला सहमहामन्त्री छन्। नेपाली काँग्रेसको केन्द्रीय पदाधिकारीमा आठ जना सहमहामन्त्री रहेका छन्। एक सभापति, दुई उपसभापति, दुई महामन्त्री पुरुष रहेका छन्। नेकपा (एमाले) मा अध्यक्ष एक, वरिष्ठ उपाध्यक्ष एक, उपाध्यक्ष छ, महासचिव एक, सचिव छ र उपमहासचिव तीन जना गरी १८ जना केन्द्रीय पदाधिकारी रहेका छन्। तीमध्ये एकजना उपाध्यक्ष र एक जना सचिव मात्र महिला छन्। नेकपा (माओवादी केन्द्र) को २२ जना केन्द्रीय पदाधिकारीमध्ये एकजना उपाध्यक्ष मात्र महिला छन्। बाँकी अध्यक्ष एक, वरिष्ठ उपाध्यक्ष एक, उपाध्यक्ष दुई, महासचिव एक, उपमहासचिव छ, सचिव नौ र कोषाध्यक्ष एक जना पुरुष छन् (हेर्नुहोस् अनुसूची ८, ११ र १३)।

आलोचनात्मक चेत हुनु, नेतृत्वको कमजोरीको आलोचना गर्नु र स्वतन्त्र रूपमा आफ्नो विचार राख्न सक्नुलाई अन्तर्वार्ता गरिएका महिलाहरूले सक्षम नेतृत्वको गुण मानेका थिए। तर यस्ता 'सक्षम' महिला नै पुरुष नेतृत्वको भने तारो बन्ने गरेको बताइयो। 'सक्षम' महिलालाई दलको महत्त्वपूर्ण जिम्मेवारी वा निर्वाचनमा टिकट दिएमा पुरुषभन्दा चाँडो प्रगति गर्छन् र राजनीतिमा उछिन्छन् भन्ने भयग्रस्त मानसिकताले पुरुषहरूले महिलालाई अगाडि बढ्न नदिएको जिकीर अन्तर्वार्ता गरिएका अधिकांश महिलाले गरे। सप्तरी जिल्लाको एउटा स्थानीय तहकी पूर्व उपमेयरले आफ्नो दल लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालका जिल्ला नेतृत्वको आलोचना गर्ने गरेकी थिइन्। उनका अनुसार नेताको आलोचना गरिएकै कारण उम्मेदवार आकांक्षीको नाम सङ्कलन गर्न आयोजना गरिएको कार्यक्रमबारे उनलाई जिल्ला नेतृत्वले जानकारी नै दिएन। केन्द्रीय प्रतिनिधि आएर आकांक्षी उम्मेदवारको नाम सङ्कलन गरिराखेको उनले ढिला मात्र थाहा पाइन्। दर्ता स्थलमा गएर नाम दर्ता गर्न खोज्दा पनि उनलाई अवरोध गरिएको थियो। त्यस्तै पर्सा जिल्लाकी एक महिला नेताले पनि तत्कालीन मधेश प्रदेशका मुख्यमन्त्री र जिल्लाका एक संघीय सांसदको काम कारवाहीको आलोचना गरेपछि तिनीहरूले उनलाई प्रदेशसभाअन्तर्गत समानुपातिक निर्वाचन प्रणालीमा टिकट नै नदिन निकै प्रयास गरेको बताइन्। जसपाको केन्द्रीय सदस्य भए पनि उनलाई दलको बैठकमा बोलाउन छोडियो। उनले भनिन्, ''म नगरपालिकाको उपमेयर हुँदा गरेको कामको तारिफ भएको थियो। मप्रति जनताको सद्भाव पनि निकै थियो। मेरो पक्षमा चुनावी माहोल निर्माण भएको थियो। तर नेतृत्वको गलत कार्यको स्वस्थ आलोचना गर्दा प्रदेशसभाका लागि समानुपातिकतर्फको

टिकट पाउन त निकै सङ्घर्ष गर्नु पर्‍यो भने प्रत्यक्षमा कसरी टिकट पाउनु ?" नेतृत्वको यस्तो व्यवहारले महिलालाई नकारात्मक असर परेको छ ।

महिलाको न्यून उपस्थितिको अर्को आयाम उम्मेदवारी छनोटको समयमा हुने पहुँचसँग पनि जोडिन्छ । निर्णायक तहमा महिला नेतृत्व नहुँदा वा कम हुँदा पहुँचका साथै महिलाको पक्षमा वकालत गर्ने पाटो कमजोर भएको अनुभव नेताहरूको छ । अन्तर्वार्ता गरेका सबै नेताले लैङ्गिक दृष्टिकोण वा अवधारणा पनि बुझेको महिला नेतृत्व विभिन्न समितिको पदाधिकारीमा भए महिलाको पक्षमा निर्णय गर्न सहज हुने बताए । नेकपा (माओवादी केन्द्र) का एक केन्द्रीय सदस्यले भनिन्, "अधिकांश राजनीतिक दलको टिकट वितरण गर्ने समितिमा महिलाको प्रतिनिधित्व नै छैन । दलमा भएका एकाध महिला प्रतिनिधि पनि यौनिक रूपमा महिला तर लैङ्गिक दृष्टिकोणमा भने पुरुषवादी चिन्तन भएका जस्ता छन् । यसले गर्दा महिलाप्रति सद्भाव राख्ने र तिनले प्रत्यक्ष निर्वाचनमा जित्न सक्छन् भन्ने सोचको अभाव छ ।" नेपाली काँग्रेस, नेकपा (एमाले), नेकपा (माओवादी केन्द्र) र जसपाका टिकट वितरणसम्बन्धी निर्णय गर्ने समितिमा सीमित महिला थिए, र तिनले पनि प्रत्यक्ष निर्वाचन प्रणालीमा उम्मेदवार हुन तल्लो समितिबाट सिफारिस भएर आएका महिलाको पक्षमा दृढ अडान राख्न नसकेको ती दलका नेताहरूको आरोप थियो ।

उम्मेदवारी निर्धारणको लागि नेतृत्वसँग लबिङ गर्नुपर्दा सङ्ख्याले पनि भूमिका खेल्ने गरेको अनुभव नेताहरूले बताए । कुनै निर्वाचन क्षेत्रमा एक जना महिलाले उम्मेदवारी दाबी गर्दा १० जना पुरुषले पनि उम्मेदवारी दाबी गरिरहेका हुन्छन् भन्ने उदाहरण उनीहरूले दिए । समितिमा रहेका पुरुष सदस्यहरूको बहुमतले महिलाको दाबीबिरुद्ध उभिई उनले हार्छिन् भनेर लबिङ गरिदिएपछि नेतृत्व त्यसलाई पत्याउन बाध्य हुन्छ भन्ने उनीहरूको तर्क थियो । महोत्तरी जिल्लाबाट २०६४ सालमा समानुपातिक र २०७० सालमा प्रत्यक्ष निर्वाचन जितिसकेकी नेपाली काँग्रेसकी एक केन्द्रीय सदस्यको भोगाइ पनि त्यस्तै थियो ।

> "२०७९ को प्रतिनिधिसभाको चुनावमा महोत्तरी क्षेत्र नं. ३ का लागि मेरो नाम तल्ला सबै समितिबाट सिफारिस भयो । तर मलाई टिकट नदिन महोत्तरी जिल्लाका नेताहरूले सभापति शेरबहादुर देउवासँग निकै लबि गरे । टिकटको छिनोफानो हुने दिन मैले उम्मेदवार छनोट कार्यदलमा सम्मिलित नेताहरूलाई बिहानदेखि नै सम्पर्क गर्ने कोसिस गरेँ । दिनभरि कसैले फोन नउठाएपछि परिस्थिति प्रतिकूल भएको मलाई अनुमान भयो । तर पनि दलको केन्द्रीय सदस्य हुनुका साथै दुई पटक त्यही निर्वाचन क्षेत्रबाट प्रत्यक्ष चुनाव लडेको हुनाले मलाई टिकट नदिने नै निर्णय गरे पनि एक

पटक सोधेर मात्र गर्छन् भन्ने मलाई लागेको थियो । टिकट हात पार्न नेताहरू बैठक बसेको स्थानमा उम्मेदवारका आकांक्षीहरू उछलकुद गरिराखेका थिए । मेरो फोन नै नउठाएपछि नेताको निवासमा म कसरी जाने ? म अलमलमा परेँ । मेरो निर्वाचन क्षेत्रको टिकट पाँच दलीय गठबन्धनको एक घटक लोसपाका नेता शरतसिंह भण्डारीलाई दिने निर्णय मध्यरातमा गरेको हल्ला मैले सुनेकी थिएँ । पछि त्यो हल्ला सत्य सावित भयो । हातबाट फुत्किसकेपछि पनि टिकटका आकांक्षी पुरुषहरूले रातारात नेतृत्वसँग 'लबिङ' गरेर फेरि टिकट आफ्नो हातमा पारेको पनि देखियो । तर मलाई नेतृत्वको घरमा गएर उम्मेदवारीको हारगुहार गर्ने वातावरण बनेन ।"

नेकपा (माओवादी केन्द्र) की एक केन्द्रीय सदस्य महिलाको नाम सर्वसम्मत रूपमा एकल सिफारिस भएको थियो । तर टिकट वितरण गर्ने समितिमा बलियो पहुँच नभएकोले गर्दा कोशी प्रदेशको सुनसरी प्रतिनिधिसभा क्षेत्र नं. २ बाट उनी उम्मेदवार बन्न पाइनन् । उनी २०७४ सालमा समानुपातिक निर्वाचन प्रणालीबाट प्रतिनिधिसभा सदस्य भएर राज्यमन्त्री पनि भएकी थिइन् । उनका अनुसार एक पटक समानुपातिक निर्वाचन प्रणालीबाट सांसद भइसकेकोले यो पटक (२०७९ मा) प्रत्यक्ष निर्वाचन लड्ने योजना बनाएर तयारी गरिसकेकी थिइन् । तुलनात्मक रूपमा नेकपा (माओवादी केन्द्र) को संगठन बलियो भएको क्षेत्र पनि थियो त्यो । तर उनले दाबी गरेको निर्वाचन क्षेत्र गठबन्धनका तर्फबाट नेपाली काँग्रेसको भागमा पर्‍यो । टिकट वितरण गर्ने कार्यदलमा महिलाको पक्षमा बलियोसँग कुरा राखिदिने व्यक्ति नहुँदा उनले टिकट पाइनन् । नेतृत्वमा महिला छ भने लबिङ गर्न सहज हुने नेकपा (माओवादी केन्द्र) बागमती प्रदेशको एक महिला नेताले बताइन् । उनका अनुसार उपल्लो तहका महिला नेता पनि पुरुषप्रधान सोचबाटै ग्रसित छन् । तथापि, नेतृत्वमा महिला भएको अवस्थामा आफ्नो कुरा राख्न राती, दिउँसो, बिहान जुनसुकै समयमा पनि जान सकिन्छ । पुरुषसँग यसरी भेटघाट गर्ने हो भने चारित्रिक लाञ्छना लागिहाल्छ । महिलाभित्र पनि दलित महिलाको सन्दर्भमा उम्मेदवारको लागि माथिल्लो तहमा लबिङ गर्ने कुरा अझ चुनौतीपूर्ण रहेको दलित समुदायका नेताहरूले बताए ।

## *महिलाको राजनीतिक आधार-प्रभाव क्षेत्रमा प्रश्न*

महिला जन्मिएको वा राजनीति गरेर जनतामाझ स्थापित भएको स्थानमा विवाहपश्चात् किन यो क्षेत्रबाट राजनीति गर्ने भन्ने प्रश्न उठाइन्छ । अनि विवाह गरेर गएको स्थानमा भर्खर विवाह गरेर आएकोलाई किन राजनीतिक स्थान दिने भन्ने प्रश्न गरिन्छ । महिला जन्मेको साथै राजनीति गरेर नेतृत्वको रूपमा स्थापित भएको स्थान विवाहपश्चात् उनको होइन भन्ने मनोविज्ञानबाट

केन्द्रीय नेतृत्वसमेत ग्रसित भएको नेकपा (एमाले) की एक नेताले बताइन् । उनले २०७० को संविधानसभा निर्वाचनमा उम्मेदवारी सिफारिस गर्ने क्रमको एउटा घटना स्मरण गर्दै भनिन्,

> "उम्मेदवारी दाबी गर्ने महिला को-को छन् भनेर नेतृत्वले मसँग सोधे । मैले एक जना महिलाको नाम दिएँ । उनी काठमाडौँ प्रतिनिधिसभा निर्वाचन क्षेत्र नं. २ मा जन्मिएकी थिइन् । त्यहीँबाट विद्यार्थी राजनीति गरेकी थिइन् । साथै निरन्तर दलको राजनीतिमा पनि संलग्न थिइन् । ती महिलाको नाम पारेपछि नेताले उनको विवाह कुन ठाउँमा भएको भनेर प्रश्न गरे । पुरुषलाई वर्षौँ निर्वाचन क्षेत्रबाहिर बसे पनि सजिलै त्यही क्षेत्रको नेता भनी स्वीकारिन्छ । तर महिलाको सन्दर्भमा भने प्रश्न गरिन्छ । महिला जहाँ काम गरेर राजनीतिक रूपमा स्थापित हुन्छिन्, सोही उनको निर्वाचन क्षेत्र हो नि ।"

महोत्तरीमा जन्मिएकी एक नेताको विवाह पर्सा जिल्लामा भयो । विभिन्न समयमा भएका मधेश आन्दोलनमा उनी सक्रिय भइन् । अन्य आन्दोलनकारीलाई सकेको सहयोग पनि गरिन् । डा. बाबुराम भट्टराईले नयाँ शक्ति पार्टी निर्माण गरेपछि प्राध्यापन पेशा छोडेर उनी दलीय राजनीतिमा सक्रिय भइन् । त्यसपछि दल एकीकरण भएर जनता समाजवादी पार्टी, नेपाल हुँदै अहिले नेपाल समाजवादी पार्टीकी केन्द्रीय सदस्य भएकी छन् । विवाह पर्सामा भए पनि उनले राजनीतिक कार्यक्षेत्र जन्मिएको जिल्ला महोत्तरीलाई बनाइन् । २०७९ को स्थानीय निर्वाचनमा त्यहाँको एउटा पालिका प्रमुखको पदमा दाबी गरिन् । उनीसँग शिक्षा, स्वास्थ्य र कृषिमा काम गर्ने योजनाहरू थिए । त्यसैले उनले मेयरको लागि दाबी गरिन् । सबैतिर स्मार्ट सिटीको चर्चा चल्दा उनले स्मार्ट कृषिको बहस ल्याउने प्रयत्न गरिन् । तर मेयरमा उम्मेदवारी सिफारिसको नाम दर्ता गर्न जाँदा विवाह अर्कै ठाउँमा भएकोले अयोग्य मान्दै उनलाई अवरोध गरियो । उनले प्रहरीको सहयोगमा उम्मेदवारी सिफारिसका लागि निवेदन दर्ता गराएकी थिइन् । धनुषामा जन्मिएकी नेपाली काँग्रेसकी एक केन्द्रीय सदस्यले विवाहपछि महोत्तरी जिल्लालाई आफ्नो राजनीतिक कार्यथलो बनाउन खोज्दा "हाम्रो भाग खोस्न आएकी" भनेर निकै आलोचना र असहयोग भएको बताइन् ।

## *निश्चित निर्वाचन क्षेत्रबाट पटक-पटक उम्मेदवार बन्ने अभ्यास*

राजनीतिक नेतृत्व दक्ष र श्रेष्ठ छ भनी पुष्टि गर्ने मापदण्ड प्रत्यक्ष निर्वाचनमा पटक-पटक विजय हासिल गर्नुलाई बनाइएको पाइन्छ । नेपाली काँग्रेस र नेकपा (एमाले) का शीर्षस्थ केही नेता २०४८ सालको संसदीय निर्वाचनदेखि एउटै निर्वाचन क्षेत्रबाट निरन्तर उम्मेदवार बनेका छन् । ती दलमा पुरुषले निश्चित निर्वाचन क्षेत्रबाट निरन्तर उम्मेदवार हुँदा महिलाहरूले त्यो अवसर

पाउन सकेका छैनन् । उम्मेदवारी छनोटको बहस नै महिला निर्वाचनमा हार्छन् भन्ने कोणबाट शुरू हुन्छ । त्यस अवस्थामा महिला पटक-पटक उम्मेदवार बन्ने सम्भावना कम हुन्छ ।

निर्वाचन जित्ने पुरुषले नै हो र पहिला जितेका व्यक्तिले अहिले पनि जित्छ भन्ने मनोविज्ञानबाट दलको नेतृत्व ग्रसित छ । त्यसैले उम्मेदवारी सिफारिसको मापदण्ड पनि सोहीअनुसार बनाइएको पाइन्छ । उदाहरणको लागि नेकपा (एमाले) को प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचन २०७९ को उम्मेदवार सिफारिस प्रक्रिया र मापदण्डमा भनिएको थियो, "प्रत्यक्ष निर्वाचित हुने क्षेत्रमा 'कति पटक उम्मेदवार' भन्ने तर्क व्यावहारिक हुन्न । त्यहाँ दलको जनाधार मात्र होइन, निर्वाचन दाउपेच, आवश्यकता र लोकप्रियताको पक्षलाई समेत ख्याल गरिन्छ । समानुपातिक वा अप्रत्यक्ष निर्वाचन हुने स्थानमा जस्तो त्यहाँ निश्चित मत र पहिचान भएका मतदाता मात्र हुँदैनन् । प्रत्यक्ष निर्वाचनमा प्रभावित हुने मतदाताको अर्थ रहन्छ । त्यसैले प्रत्यक्ष निर्वाचनमा सबै कुराका अतिरिक्त जित्ने सम्भावना बढी भएकालाई नै उम्मेदवार बनाइन्छ । यो निर्वाचनको रणनीति र दाउपेचसँग सम्बन्धित विषय पनि हो ।" उम्मेदवार सिफारिसमा प्रत्यक्ष निर्वाचन हुने क्षेत्रमा 'कति पटक उम्मेदवार' बन्ने भन्ने कुरा तर्कसंगत र व्यावहारिक नहुने र 'जित्ने सम्भावना बढी भएका' लाई नै उम्मेदवार बनाउने मापदण्डको लाभ पुरुषले मात्रै लिने नेकपा (एमाले) की एक नेताले बताइन् । एउटा निर्वाचन प्रणालीबाट एउटै व्यक्ति लगातार दुई पटकभन्दा बढी उम्मेदवार हुन नपाउने कानूनी व्यवस्था हुनुपर्ने अभिमत अन्तर्वार्ता गरिएका व्यक्तिहरूले राखेका थिए ।

## *राजनीतिमा पैसाको बढ्दो प्रभाव*

सामान्य राजनीतिक गतिविधि गर्न, चुनावको उम्मेदवारी हात पार्न र चुनावमा प्रचारप्रसार लगायतका विभिन्न गतिविधि गर्न पैसा आवश्यक पर्छ । निर्वाचन आयोगले खर्चको सीमा तोकेको भए पनि उम्मेदवारले त्योभन्दा धेरै गुणा बढी खर्च गरेको पाइन्छ ।[१६] त्यसैले चुनावमा पर्याप्त खर्च गर्न सक्नेलाई बलियो उम्मेदवार ठानिन्छ । पुरुषको तुलनामा महिलासँग शक्ति र सञ्जाल कम हुनुका साथै आर्थिक स्रोतमा पनि उनीहरूको पहुँच कम छ । यसले गर्दा दलले महिलालाई उम्मेदवार बनाउने सम्भावना कम हुन्छ ।[१७] नेकपा (माओवादी केन्द्र) बागमती

---

[१६] डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल । २०७९ । *नेपालको स्थानीय तह निर्वाचन २०७९ को पर्यवेक्षण* । ललितपुर : डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल । असार २०, २०८० मा हेरिएको । https://www.democracyresource.org/wp-content/uploads/2022/07/Nepal-Local-Election-Observation-Report-Nepali-July-2022-1.pdf-1.pdf मा उपलब्ध ।

[१७] मार्टिन चौतारी । २०६८ । राजनीतिक वित्त र नागरिक अधिकार । *जानकारी पत्र*, अंक ६, चैत । असार २०, २०८० मा हेरिएको । https://himalaya.socanth.cam.ac.uk/collections/journals/mcpb/pdf/MC_PolicyBrief_06_NEP.pdf मा उपलब्ध ।

प्रदेशका एक महिला नेताका अनुसार प्रत्यक्ष निर्वाचन प्रणालीमा चुनाव लड्दा निकै खर्च हुने भएकोले महिलालाई आर्थिक व्यवस्थापन गर्न समस्या हुन्छ भनेर चुनावमा उम्मेदवार बन्न निरुत्साहित गरिन्छ । त्यस्तो कार्य दलको नेतृत्वबाटै हुने गर्छ भन्ने उनको स्पष्टोक्ति थियो । मधेश प्रदेशमा अन्तर्वार्ता गरिएका अधिकांश महिलाहरूले परिवारको आर्थिक पक्ष सबल भएकाले राजनीतिक गतिविधिमा लाग्न सहज भएको आशय व्यक्त गरे । साथै उनीहरूले स्थानीय निर्वाचन र प्रत्यक्ष निर्वाचन प्रणालीमा उम्मेदवार बन्न आँट गरेको पनि बताए ।

चुनावको माहौल तयार गर्नेदेखि टिकट हात पार्न विभिन्न बहनामा पैसा खर्च हुने नेताहरूले बताए । लोसपाबाट वीरगञ्ज महानगरपालिकामा उपमेयरका लागि टिकटको दाबी गरेकी एक महिला नेताले टिकट वितरणको एक महिनाअगाडि दलले वीरगञ्जमा आयोजना गरेको मधेश स्वाभिमान यात्राका लागि उनीसँग आर्थिक सहयोग मागेको खुलाइन् । जिल्लाका एक नेताले उनलाई "तपाईँ उपमेयरको आकांक्षी भएकोले कार्यक्रम सफल बनाउन आर्थिक सहयोग गर्नुहोस्" भनेका थिए । उनले डेढ क्विन्टल खसीको मासु व्यवस्थापन गर्न एक लाख पचास हजार रूपैयाँ दिएको बताइन् । त्यस्तै नेपाल समाजवादी पार्टीकी एक केन्द्रीय सदस्यले पनि विभिन्न दलका नेताले सांसद बन्न निमन्त्रणा गर्दै आर्थिक सहयोगका लागि आग्रह गरेको बताइन् । स्थानीय तह निर्वाचन २०७९ को अनुभव सुनाउँदै उनले भनिन्, "आकांक्षीसँग उम्मेदवारी सिफारिस गर्न दलका वडा समितिका अध्यक्षदेखि माथि सबै तहका अधिकांश नेताले विभिन्न बहानामा पैसा माग्छन् । दलका नेतालाई पैसा बुझाउन सक्ने क्षमता छैन भने अन्य कुनै योग्यताले काम नहुने अवस्था हामीले भोगेका छौँ । यो ट्रेण्ड पुराना दलमा अझ बलियो छ । चुनावमा हुने ठूलो खर्चलाई देखाएर महिलालाई उम्मेदवार बनाउन चाहँदैनन् । महिलाले खर्च जुटाउन सक्दैनन् भन्ने बुझाइ नेतृत्वमा छ ।" त्यस्तै भोगाइ जसपाकी एकजना केन्द्रीय सदस्यको पनि थियो । उनले आफ्नो अनुभव सुनाइन् :

> "यसपाली प्रदेशसभाको चुनाव सम्बन्धी मेरो अनुभवमा, प्रत्यक्षतर्फ प्रदेशसभामा प्रत्यक्षतर्फ प्रतिस्पर्धा गर्न त ४/५ करोड रुपैयाँ खर्च गर्नुपर्ने रहेछ । हाम्रो दलको कार्यालय सञ्चालन गर्न लामो समयदेखि एक नेताले आर्थिक सहयोग गरिराख्नुभएको थियो । उहाँलाई यसपालि प्रतिनिधिसभा निर्वाचनमा प्रत्यक्षतर्फबाट एउटा क्षेत्रमा टिकट दिने तय भएको थियो । उहाँलाई उम्मेदवारको रूपमा प्रस्तुत गरेर केही गतिविधि पनि गरिसकेका थियौँ । तर अन्त्यमा उहाँले भन्दा बढी पैसा दिने मान्छे आएपछि उहाँको सट्टा नयाँ दातालाई प्रतिनिधिसभाको उम्मेदवार बनाइयो । यसरी उम्मेदवार हुन नै खुलेआम पैसाको प्रतिस्पर्धा हुने भएपछि हामी महिलाले कसरी प्रत्यक्ष निर्वाचन लड्नु ? त्यसैले मैले समानुपातिकतर्फ रुचि देखाएँ । मेरो नाम समानुपातिकमा सबै

समितिहरूबाट पहिलो नम्बरमा सिफारिस भयो । निर्वाचन आयोगमा नाम बुझाउने बेलामा पनि मेरो नाम पहिलो नम्बरमा नै थियो । तर निर्वाचन आयोगमा अन्तिम नामावली बुझाउँदा भने पैसा दिने व्यक्तिको नाम अगाडि पारियो । मसँग नेतृत्वले खुलेर पैसा माग्न भने सकेनन् । टिकटका लागि खर्चको प्रतिस्पर्धा गर्न सक्ने आर्थिक हैसियत पनि छैन मेरो । अनि मेरो नाम समानुपातिकको सूचीमा पछाडि पारिँदा म निर्वाचित भइन । यस्तो अवस्थामा कसरी प्रत्यक्षको उम्मेदवार हुने ? महिलालाई पैसा खर्च गरी प्रत्यक्षतर्फ उम्मेदवार बनाउन परिवारले पनि जोखिम मोल्दैन । मैले राजनीतिमा जति संघर्ष गरे पनि, संगठन निर्माणमा जति लगानी गरे पनि चुनावमा पैसाको प्रभुत्व बढ्दै जाँदा प्रत्यक्ष निर्वाचनमा उम्मेदवार हुन सक्छु भन्ने आशा मर्दै गएको छ ।"

जसपाको पर्सा जिल्ला कार्यसमितिका सचिव भने पैसा लिएर टिकट वितरण भएको होइन भन्छन् । यद्यपि उम्मेदवारले निर्वाचन क्षेत्रको सबै क्रियाशील सदस्यको नवीकरण शुल्क भने दललाई बुझाएको बताए । एउटा प्रदेश निर्वाचन क्षेत्रमा करिब पाँच हजार क्रियाशील सदस्यको ५० रूपैयाँको दरले दुई लाख पचास हजार रूपैयाँ उम्मेदवारले दललाई बुझाएको उनले स्वीकारे ।

उम्मेदवारी पाएपछि पनि प्रचारप्रसार गर्न मतदातालाई आकर्षण गर्न निकै रकम खर्च हुन्छ । त्यसैले निर्वाचनमा हुने खर्च बढ्दो छ । तर स्रोतमाथि महिलाको स्वामित्व नहुनाले ठूलो धनराशी खर्च गरेर चुनाव लड्ने सहजता महिलालाई छैन । जनमत पार्टी सप्तरीका जिल्ला ईन्चार्जका अनुसार प्रदेशसभा तथा प्रतिनिधिसभामा महिलाको उम्मेदवारीलाई प्राथमिकतामा राखिएको थियो । थुप्रै महिलाहरूलाई प्रतिनिधिसभा तथा प्रदेशसभा चुनाव लड्नलाई आग्रह गरिएको थियो । दल भर्खर स्थापना भएकोले राजनीतिक रूपमा सक्रिय अधिकांश महिला स्थानीय तहको निर्वाचनमा उठे । स्थानीय निर्वाचनको खर्चले नै उनीहरू आर्थिक रूपमा थला परिसकेको बताए । प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा अझ धेरै रकम खर्च हुने भएकाले उनीहरूले फेरि प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनमा उम्मेदवार हुने आँट नै गरेनन् ।

चुनावमा आर्थिक स्रोतको जोहो हुन सक्ने ठाउँबाट पनि महिलालाई पुरुषको तुलनामा कम विश्वास गर्ने वा नपत्याउने गरेको महिला नेताहरूले बताए । उद्योगी एवं व्यापारीले पुरुष उम्मेदवारलाई झैँ मन फुकाएर महिला उम्मेदवारलाई सहयोग नगरेको उनीहरूको अनुभव थियो । भविष्यमा कार्यकारी भूमिकामा गई आफ्नो स्वार्थ पूरा गरिदिने सम्भावना कम भएकाले स्वार्थ समूहहरूले महिला उम्मेदवारलाई आर्थिक सहयोग नगर्ने राय पनि उनीहरूले व्यक्त गरे । कतिपय यस्ता स्वार्थ समूहहरू आर्थिक सहयोगमा अनुदार हुने मात्र नभई महिलाले टिकट

नै प्राप्त नगर्ने वातावरण निर्माणमा योजनाबद्ध रूपमा लाग्ने उनीहरूको दाबी थियो । त्यसका लागि तिनले महिलालाई चुनावमा उठाए हारिन्छ भन्ने भाष्य विभिन्न माध्यमबाट प्रचारप्रसार गराउने र प्रभावशाली नेतासँग यसबारे लबिङ नै गर्ने पनि बताइयो ।

## *अनौपचारिक बैठकमा कम पहुँच तथा बहुभूमिकाको मारमा महिला*

राजनीतिमा विभिन्न अनौपचारिक बैठक तथा संवादले निर्णयमा महत्त्वपूर्ण भूमिका खेल्दछन् । उम्मेदवारी छनौटमा त यस्ता भेटघाटले विशेष महत्त्व राख्ने नेताहरूको अनुभव छ । तर परम्परागत विभेदपूर्ण दृष्टिकोणका साथै काममा साझेदारीको अभावले महिलालाई अधिकांश अनौपचारिक बैठकमा सामेल हुन असहज हुन्छ । अन्तर्वार्ताको दौरानमा सबैजसोले राजनीति गर्नेको निश्चित समयतालिका नहुने, दौडधुप, भेटघाट गरिराख्नुपर्ने भएकाले महिलालाई घरपरिवारबाटै राजनीतिमा लाग्न निरुत्साहित गरिने बताए । घरायसी काममा अन्य सदस्यले नसघाउने हुनाले राजनीतिमा दत्तचित भएर लाग्न नसकिने र यसले गर्दा अवसरबाट वञ्चित हुनुपर्ने महिला प्रतिनिधिहरूको भोगाइ थियो । उम्मेदवारी सुनिश्चित गर्न विभिन्न पक्षसँग हुने अनौपचारिक बैठकमा पुरुषहरू जुनसुकै समय र ठाउँमा पनि सहज रूपमा जुट्न सक्छन् । त्यहाँ विभिन्न कोणबाट एकआपसमा छलफल हुन्छ । अन्तरंग कुराकानी र राजनीतिक सौदाबाजी हुन्छ । तर त्यस्ता अनौपचारिक बैठकमा पुरुषलाई जस्तो सहजता र सुविधा महिलालाई भने छैन । यसै सन्दर्भमा सुदूरपश्चिम प्रदेश नेकपा (माओवादी केन्द्र) का एक महिला नेताले भनिन्,

> "पुरुषले झैँ बिहान उठेदेखि रातबिरातसम्म राजनीतिक गतिविधिमा मात्र ध्यान दिन महिलाले पाउँदैनन् । निर्णायक हुने कतिपय अनौपचारिक बैठकमा महिला जान सक्दैनन् । अर्कोतर्फ, घरायसी जिम्मेवारीलाई परिवारका अन्य सदस्यले बिरलै सघाउँछन् । परिवारको जिम्मेवारी पनि सिध्याएर मात्र राजनीतिमा ध्यान दिन पाइन्छ । एउटा निश्चित समयपश्चात् महिला अनौपचारिक भेटघाटमा बसे समाजले 'खराब क्यारेक्टर' को प्रमाणपत्र जारी गरिदिन्छ । त्यसैले उम्मेदवार हुने अवसर हातमै आउँदा पनि महिला वञ्चित भएका छन् ।"

## *निर्वाचन प्रणालीप्रतिको धारणा*

समानुपातिक निर्वाचन प्रणाली महिलाकै लागि मात्र हो भन्ने बुझाइका कारण महिलालाई पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबाट उम्मेदवार बन्न निरुत्साहित गरिन्छ । वास्तवमा समानुपातिक निर्वाचन प्रणाली उत्पीडित जाति, क्षेत्र र वर्गका महिला, लैङ्गिक तथा यौनिक

अल्पसङ्ख्यक र पुरुष सबैका लागि हो । तर दलका पुरुष नेताकै बुझाइ भने ३३ प्रतिशत महिला सदस्य समानुपातिक प्रणालीबाट मात्र आउने हो भन्ने छ । प्रत्यक्षतर्फका सबै सिट पुरुषको लागि हो भन्ने मान्यता जबर्जस्ती स्थापित गर्न खोजिएको नेकपा (माओवादी केन्द्र) का एक नेताले बताए । यही तथ्यलाई ध्यान दिँदै २०७९ मंसिरको निर्वाचनमा प्रत्यक्षतर्फ समानुपातिक समावेशी उम्मेदवार बनाउन साउन १६, २०७९ मा तत्कालीन प्रतिनिधिसभा सदस्यहरूले संसद्मा जरुरी सार्वजनिक महत्त्वको प्रस्ताव दर्ता गराएका थिए।[१८] सो प्रस्तावमा छलफल गर्नु पर्नाको कारण यसरी उल्लेख गरिएको थियो :

> "...नेपालको संविधानको धारा ३८(४) मा राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी गराइनेछ भन्ने व्यवस्था छ । यस प्रावधानको आशय संघीय संसद् र प्रदेशसभाको निर्वाचनको प्रयोजनको लागि तोकिएको मिश्रित निर्वाचन प्रणालीअन्तर्गत समानुपातिक निर्वाचन प्रणाली र पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीअन्तर्गत दुवै प्रक्रियाबाट महिला र पुरुषको समान सहभागिता हुनुपर्छ भन्ने नै हो । तर, विगतको निर्वाचन (२०७४) को परिणाम हेर्दा समानुपातिक निर्वाचन प्रणाली महिलाको लागि र पहिलो हुने निर्वाचित हुने प्रणाली पुरुषको लागि भन्ने अनुभूति दिने गरी उम्मेदवारी दिँदा समानुपातिक निर्वाचन प्रणालीअन्तर्गत निर्वाचित हुनुपर्ने पुरुषसमेत विभेदमा पर्ने अवस्था रह्यो । विगतको यो वास्तविकतालाई मध्यनजर गर्दै आसन्न निर्वाचनमा जाँदा पहिलो हुने निर्वाचन प्रणालीतर्फ पनि समान सङ्ख्यामा महिलाको उम्मेदवारी दिनु अनिवार्य छ ।
>
> निर्वाचन आयोगले निर्वाचनसम्बन्धी कानून संशोधनको एकीकृत मस्यौदा तयारीको लागि विभिन्न क्षेत्रबाट सुझाव सङ्कलन प्रक्रिया जारी राखेको सन्दर्भमा प्रतिनिधिसभामा पनि यस विषयमा छलफल गरी सुझाव दिँदा निर्वाचन आयोगलाई समेत थप सहयोग पुग्ने कुरालाई मध्यनजर गरी सरकारलाई निम्नानुसार निर्देशन दिई सम्बन्धित कानून निर्माणमा सहयोग पुऱ्याउने उद्देश्यसहित यो जरुरी सार्वजनिक

---

[१८] सो प्रस्तावको प्रस्तावकमा अमृता थापा र समर्थकहरू लक्ष्मी परियार, लक्ष्मीकुमारी चौधरी, चन्दा चौधरी, रंगमती शाही, बिना बुढाथोकी, लीलादेवी सिटौला, रेखा शर्मा, यशोदा गुरूङ सुवेदी, रेनुका गुरूङ, प्रमिला राई र पार्वतीकुमारी भुजेल थिए । यो प्रस्तावमा स्थानीय तहको निर्वाचनमा प्रमुख/अध्यक्ष, उपप्रमुख/उपाध्यक्ष, वडाध्यक्ष, जिल्ला समन्वय समिति (जिसस) प्रमुख र उपप्रमुखमा हरेक दलले कम्तीमा ५० प्रतिशत महिला उम्मेदवारी दिनुपर्ने, साथै स्थानीय तहको वडामा दलित महिलाका उम्मेदवारी नपरेमा उम्मेदवारी दिने समय सकिएको भोलिपल्ट अल्पसंख्यक वा सीमान्तकृत वा अरू कुनै समुदायको महिलाको उम्मेदवारी आह्वान गरी निर्वाचनको व्यवस्था गर्नुपर्ने उल्लेख गरिएको थियो ।

महत्त्वको प्रस्ताव दर्ता गराएका छौँ। संघीय संसदको प्रतिनिधिसभा र प्रदेशसभाका पहिलो हुने निर्वाचन प्रणाली अन्तर्गत उम्मेदवारी दिँदा प्रत्येक दलले जनसङ्ख्याको आधारमा समानुपातिक समावेशी प्रतिनिधित्व बमोजिम महिला उम्मेदवारी दिनुपर्नेछ।"

त्यस्तै नेकपा (एमाले) की प्रतिनिधिसभा सदस्य बिन्दा पाण्डेले पनि नेपालको संविधानको धारा ३४(४) बमोजिम मंसिर २०७९ मा हुने प्रदेशसभा र संघीय संसद्को निर्वाचनमा महिलाको समानुपातिक सहभागिता गराउन कानून निर्माण गर्नुपर्ने विषयमा प्रतिनिधिसभामा ध्यानाकर्षण प्रस्ताव दर्ता गराएकी थिइन्। ती दुवै प्रस्तावमाथि साउन २४, २०७९ मा संसद्मा छलफल भएको थियो।

नेपालको संविधानको धारा ४७ अनुसार मौलिक हकहरूको कार्यान्वयन गर्न संविधान प्रारम्भ भएको मितिले तीन वर्षभित्र कानून निर्माण गरिसक्नुपर्ने व्यवस्था छ। तर संविधान जारी भएको सात वर्ष बितिसक्दा पनि यससम्बन्धी कानून निर्माणमा नेपाल सरकारले तदारूकता देखाएको छैन। *स्थानीय तह निर्वाचन ऐन, २०७३* को दफा १७ (४) मा गाउँपालिका तथा नगरपालिकाको अध्यक्ष/प्रमुख र उपाध्यक्ष/उपप्रमुखमध्ये कुनै एक पदमा महिलाको उम्मेदवारी हुनुपर्ने प्रावधान छ। तर राजनीतिक दलले गठबन्धनको नाममा कानूनको उक्त प्रावधानलाई लागू गरेनन्। यसो गर्दा २०७९ वैशाखमा भएको स्थानीय निर्वाचनमा १५९ स्थानमा महिलाको स्थान खोसिएको थियो।[१९] संवैधानिक आयोगको कर्तव्यअनुसार निर्वाचन आयोगले संवैधानिक र कानूनी व्यवस्था कार्यान्वयन गराउन राजनीतिक दलहरूलाई बाध्य गराउन सकेन। त्यस्तै २०७९ मंसिरमा भएको प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीमा कम्तीमा एक तिहाइ महिला सुनिश्चित हुने गरी उम्मेदवारी मनोनयन गर्न राजनीतिक दलहरूलाई निर्देशन दियो। तर निर्वाचन आयोग नेपालले आफैले दिएको निर्देशन पालना गराउन सकेन। संविधानको धारा ३८(४) बमोजिम समानुपातिक समावेशी उम्मेदवारी प्रत्यक्षतर्फ पनि लागू होस् भनी निर्वाचन आयोगका पदाधिकारीहरूलाई ध्यानाकर्षण गराउन नेपाली काँग्रेस, नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) का महिला नेता निर्वाचन आयोग नेपालमा गएका थिए। ध्यानाकर्षणमा सहभागी एक नेताले निर्वाचन आयोगका आयुक्तहरूले राजनीतिक दलका शीर्ष नेतृत्वको दबाबका कारण उक्त निर्देशन लागू गराउन नसकिएको बताउँदै बरु आ-आफ्ना दलका शीर्ष नेतृत्वलाई दबाब दिन अनुरोध

---

[१९] तत्कालीन प्रतिनिधिसभा सदस्य बिन्दा पाण्डेले प्रतिनिधिसभामा दर्ता गराएर साउन २४, २०७९ मा छलफल भएको ध्यानाकार्षण प्रस्तावमा उल्लेख भएको तथ्यमा आधारित।

गरेको बताइन् । ती महिला नेताले थपिन्, “संवैधानिक व्यवस्थालाई लागू गराउनु संवैधानिक आयोगको अधिकार र कर्तव्य दुवै हो तर निर्वाचन आयोग आफ्नो संवैधानिक दायित्वबाट पन्छियो । दलहरू पनि संविधानप्रति जिम्मेवार देखिएनन् ।”

निर्वाचन आयोग नेपालले संसद्मा महिलाको न्यूनतम ३३ प्रतिशत अनिवार्य उपस्थितिको संवैधानिक व्यवस्थालाई मात्र ध्यान दिएको छ । तर, नेपालको संविधानमा मौलिक हकअन्तर्गत महिलाको समानुपातिक समावेशिताको हकलाई भने बेवास्ता गरेको छ । संविधानतः समानुपातिक समावेशिताको मूल आधार जनसङ्ख्या भएकोले त्यसैअनुसार राज्यका निकायमा महिलाको प्रतिनिधित्व सुनिश्चित गरिनुपर्छ । तर निर्वाचन आयोग नेपालले असार २०८० मा नेपाल सरकारलाई बुझाएको निर्वाचन सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकमा समेत महिलाको समानुपातिक समावेशितालाई सुनिश्चित गरिएको छैन । प्रतिनिधिसभा र प्रदेशसभा सदस्यका लागि पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ कुनै पनि राजनीतिक दलले उम्मेदवारी दिँदा जति निर्वाचन क्षेत्रमा उम्मेदवारी दिने हो त्यसको ३३ प्रतिशत महिला उम्मेदवार हुनुपर्ने व्यवस्था गरेको छ ।[२०]

## ८. नस्वीकारिएको वास्तविकता

अन्तर्वार्ता गरिएका अधिकांशले राजनीतिक दलले चुनावमा महिला र पुरुषभन्दा पनि जित्ने उम्मेदवार छनोट गरिन्छ भन्ने तर्क गरे । उनीहरूले महिला उम्मेदवार निर्वाचनमा हार्छन् भन्ने नेतृत्वको मनोविज्ञानका कारण प्रत्यक्ष निर्वाचनमा महिलालाई टिकट नदिने गरिएको बताए । उनीहरूका अनुसार प्रत्यक्ष चुनाव जित्न महत्त्वपूर्ण पक्षहरू जस्तो चुनावी दाउपेचमा महिला कमजोर हुने, आर्थिक व्यवस्थापन र परिचालन गर्न नसक्ने साथै राज्य सत्ताको स्रोतसाधन जस्तै कर्मचारी, सेना, प्रहरी लगायतसँग अनौपचारिक उठबस तथा परिचालन गर्न नसक्ने भन्ने धारणा दलको नेतृत्वमा छ । महिलालाई टिकट नै दिनुपरे पनि हार्ने निर्वाचन क्षेत्रबाट मात्र दिने महिला नेताहरूको आरोप थियो । तथ्यले पनि यसलाई प्रमाणित गरेको कुरा अगाडि गरियो (हेर्नुहोस् यसै प्रतिवेदनको खण्ड ५ र ६) । प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचन सदस्य, २०७९ मा पनि केही महिलाको जितले महिलाले प्रत्यक्षमा चुनाव हार्छन् भन्ने भाष्यलाई गलत साबित गरिदियो । प्रतिनिधिसभा निर्वाचनमा लुम्बिनी प्रदेशको दाङबाट विजयी नेकपा (माओवादी केन्द्र) की रेखा शर्मा र कोशी प्रदेशको तेह्रथुमबाट विजयी नेपाली काँग्रेसकी सीता

---

[२०] आयोगले बुझाएको निर्वाचन सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकको दफा ७४ ।

गुरूङ अनि प्रदेशसभा निर्वाचनमा मधेश प्रदेशको महोत्तरीबाट विजयी स्वतन्त्र उम्मेदवार सुरिताकुमारी साह केही प्रतिनिधि उदाहरण हुन् ।

रेखा शर्माका प्रतिस्पर्धी नेकपा (एमाले) का महासचिव साथै लुम्बिनी प्रदेशका पूर्व मुख्यमन्त्री शंकर पोखरेल थिए । पोखरेल लुम्बिनी प्रदेशको राजधानी बुटवलबाट दाङमा सार्ने श्रेय पाएका र नेकपा (एमाले) ले भावी प्रधानमन्त्रीको रूपमा समेत प्रस्तुत गरेका नेता थिए । रेखा शर्माले दाङबाट उम्मेदवारी दाबी गरिरहँदा उनको विवाह अन्य जिल्लामा भएकोले उनलाई त्यहाँबाट टिकट दिन आनाकानी गरिएको नेकपा (माओवादी केन्द्र) का नेताहरूले बताए । चुनावी परिणामको आकलन गरिँदा नेकपा (माओवादी केन्द्र) भित्र निकै जोडघटाउ भएको थियो । उम्मेदवारी दाबी गरेका पुरुषहरूले त्यस क्षेत्रबाट निर्वाचन जित्न मुस्किल हुने अड्कल काट्दै दाबी त्यागे । त्यसपछि रेखा शर्मालाई उम्मेदवार बनाइयो । अन्तर्वार्ता गरिएका नेकपा (माओवादी केन्द्र) का केही नेताका अनुसार हारे पनि प्रत्यक्षबाट नै चुनाव लड्छु भन्ने आँट गरेर शर्माले उम्मेदवारी दिएकी थिइन् । प्रतिकूलताका बाबजुद पनि उनी दाङबाट विजयी भइन् । त्यसैगरी सीता गुरूङले पनि पटक-पटक सांसद भइसकेका, नेकपा (एमाले) को केन्द्रीय निर्वाचन आयोगको अध्यक्ष विजय सुब्बालाई चुनाव हराइन् । संविधानसभा सदस्य तथा अघिल्लो प्रदेशसभाकी सदस्य सुरिताकुमारी साहले यस पटक पनि लोसपाबाट प्रदेशसभाको टिकट दाबी गरिन् । तर लोसपाका नेताहरू महन्थ ठाकुर, राजेन्द्र महतो र शरतसिंह भण्डारीले "तपाईं चुनाव हार्नुहुन्छ" भन्दै आफूलाई टिकट नदिएको साहले बताइन् । लोसपाबाट प्रदेशसभाको टिकट नपाएपछि उनले स्वतन्त्र उम्मेदवारी दिइन् र निर्वाचनमा विजय हासिल गरिन् । यी उदाहरणले नेपालका राजनीतिक दलहरूले प्रत्यक्ष निर्वाचनका लागि उम्मेदवार छनोट गर्दा महिलाहरूप्रति दर्शाउने पूर्वाग्रह, रुढीवाद र अस्वीकारोक्तीमाथि धाबा बोलेका छन् ।

## ९. निष्कर्ष

२०६२/०६३ को जनआन्दोलनपछि जारी गरिएको *नेपालको अन्तरिम संविधान, २०६३* ले समानुपातिक समावेशितालाई अवलम्बन गर्‍यो । संविधानसभाबाट जारी गरिएको नेपालको संविधानले जननिर्वाचित संस्थाहरूमा कम्तीमा एक तिहाइ महिलाको सहभागितालाई सुनिश्चित गर्‍यो । राजनीतिक दलले महिला सहभागिताको लागि आवश्यक सङ्ख्या समानुपातिक निर्वाचन प्रणालीबाट नै पुर्‍याउँदै आएका छन् । प्रत्यक्ष निर्वाचन प्रणालीबाट निर्वाचित हुने महिलाको सङ्ख्या त अत्यन्त दयनीय छ । संविधानले समानुपातिक समावेशिताको सिद्धान्तलाई अवलम्बन गरिसकेपछि सबै संरचनामा महिलाको जनसङ्ख्याको अनुपातमा

उनीहरूको सहभागिता सुनिश्चित हुनुपर्ने हो । परन्तु, प्रतिनिधिसभा र प्रदेशसभामा महिलाको एक तिहाइभन्दा बढी प्रतिनिधित्व गराउन दलको नेतृत्वले पहल गरेको छैन ।

पटक-पटक परिवर्तनको नेतृत्व गरेर आए पनि नेपालका राजनीतिक दलको संरचना र त्यसको नेतृत्वको सोच पुरुषप्रधान छ । यही सोच नै महिला नेतृत्व विकासमा मुख्य अवरोध बनेको छ । मतदाताले महिलालाई विभिन्न तहको निर्वाचनमा विजय गराएर उनीहरूको नेतृत्वलाई अनुमोदन गरिसकेका छन् । तर वर्चस्वशाली पुरुष नेताहरूले आफ्नो राजनीतिक दलमा महिलाको नेतृत्वलाई स्वीकार गर्न सकेका छैनन् । परिणामतः स्थानीय, प्रदेश र संघ तीनै तहमा दलका संरचनामा महिला पदाधिकारीको उपस्थिति सङ्ख्यात्मक हिसाबले अत्यन्त न्यून छ । ती संरचनामा भएका एकाध महिलासमेत लैङ्गिक अवधारणाप्रति प्रस्ट छैनन् भन्ने आरोप पनि छ । प्रत्यक्ष निर्वाचन प्रणालीमा उम्मेदवार हुनको लागि उक्त निर्वाचन क्षेत्रमा पहिचान बनाएको हुनुपर्छ र यसका लागि उक्त क्षेत्रमा पार्टीको तर्फबाट नेतृत्व गर्ने अवसर पाउनुपर्छ । तर कतिपय सक्षम महिलाको नेतृत्व स्वीकार गरेर उनीहरूलाई भूगोलको राजनीतिमा स्थापित हुने वातावरण राजनीतिक दलको नेतृत्वले बनाइदिएको छैन । अर्कोतर्फ, उम्मेदवार बनाउने बेलामा महिलाको मूल्याङ्कन उनीहरूको कार्यसम्पादनबाट भन्दा पनि विवाह जस्तो वैयक्तिक विषयलाई आधार बनाएर गरिन्छ । यसरी महिलालाई राजनीतिक कार्य थलोसँग जोडेर चुनावी प्रतिस्पर्धाबाट किनारीकृत गर्ने सजिलो रणनीति पुरुषले उपयोग गरेका छन् । दलले दिएको जिम्मेवारीको मूल्याङ्कन गर्ने विधि स्पष्ट हुनुपर्छ । महिलाले जुन ठाउँको राजनीतिक जिम्मेवारी बहन गर्छन् त्यही नै उनीहरूको निर्वाचन लड्ने क्षेत्र हो ।

निर्वाचनमा टिकट वितरण गर्ने समितिमा पुरुषको वर्चश्वले महिलाको पहुँचलाई कमजोर मात्र पारेको छैन । त्यस्तो संगठन संरचनाका कारण चुनावमा महिलाको पक्षमा बोलिदिने कार्य पनि बिरलै हुन्छ । निर्वाचनमा उम्मेदवार सिफारिस गर्दा कतिपय राजनीतिक दलले बनाएका मापदण्डले नै महिलालाई उपेक्षा गरेको पाइयो । महिला उम्मेदवारीको अनिवार्यताअनुरूप मापदण्ड बनाएका दलले पनि लागू गरेनन् । त्यसैले उम्मेदवार हुन पार गर्नुपर्ने पहिलो खुड्किलो उम्मेदवार सिफारिसमा नै महिला पर्दैनन् । दलहरू आफैले निर्णय गरेको सिफारिस मापदण्ड कार्यान्वयन गर्न कटिबद्ध हुनुपर्ने भएको छ ।

राजनीतिमा होमिएका महिलाका लागि परिवारका अन्य सदस्यले पारिवारिक र सामुदायिक भूमिकामा साथ सहयोगको अभाव छ । बरू समाजमा व्याप्त महिलाप्रतिको विभेदपूर्ण दृष्टिकोणले उनीहरू गाँजिएका छन् । यसले गर्दा महिलाहरू उम्मेदवारी छनोटमा प्रभाव पार्न

महत्त्वपूर्ण हुने अनौपचारिक छलफलहरूमा सहजै सहभागी हुन सकेका छैनन् । परिणामतः उनीहरू उम्मेदवार हुनबाट वञ्चित भएका छन् ।

आर्थिक स्रोत माथिको नियन्त्रणले शक्तिमा लगाम बढाउन र प्रतिष्ठामा वृद्धि गर्न सहयोग गर्छ । तर नेपालमा आर्थिक स्रोत माथि महिलाको नियन्त्रण छैन । चुनावमा हुने विभिन्न गतिविधिमा हुने खर्च निकै वृद्धि हुदै गएको छ । टिकट वितरणदेखि नै पैसाको चलखेल र शक्ति संर्घष हुने गरेको छ । चुनावमा हुने खर्च जुटाउन महिला असमर्थ हुन्छन भनेर प्रत्यक्ष निर्वाचन प्रणालीमा उनीहरूलाई उम्मेदवारको रूपमा सिफारिस नै गर्रिंदैन ।

संवैधानिक आयोगको रूपमा रहेको निर्वाचन आयोग नेपालले पनि मौलिक हक कार्यान्वयनका लागि राजनीतिक दल र सरकारलाई आवश्यक दबाब दिन सक्नुपर्छ । तर निर्वाचन आयोगले स्थानीय तह निर्वाचन २०७९ र प्रदेश तथा प्रतिनिधिसभा निर्वाचन २०७९ मा निर्वाह गरेको भूमिका हेर्दा आयोग आफ्नो संवैधानिक अधिकार र दायित्वबाट चुकेको देखिन्छ ।

नेपालको संविधानले समावेशी समानुपातिक सिद्धान्तलाई स्वीकार गरी मौलिक हक अन्तर्गत नै राज्यका सबै निकायमा महिलालाई समानुपातिक सिद्धान्तको आधारमा सहभागी हुने व्यवस्था गरेको छ ।  त्यसैले संविधानमा उल्लिखित मौलिक हक कार्यान्वयन गर्न राजनीतिक दलले प्रत्यक्ष निर्वाचन प्रणालीबाट पनि महिलाको कम्तिमा ५० प्रतिशत उम्मेदवारी सुनिश्चित गर्ने कानून बनाउनुपर्छ । दलले महिलालाई समानुपातिक निर्वाचन प्रणालीबाट मात्र निर्वाचित गराउने अभ्यासमा परिवर्तन ल्याई प्रत्यक्ष निर्वाचन प्रणालीबाट पनि महिलाको सहभागिता गराउन आवश्यक छ । यस्तो प्रयासले समानुपातिक निर्वाचन प्रणाली पुरुषको पनि हो र प्रत्यक्ष निर्वाचन प्रणाली महिलाको पनि हो भन्ने मान्यता स्थापित गर्न सहयोग पुर्‍याउँछ । साथै एकै व्यक्ति विकल्पहीन बनी राजनीतिमा दशकौंदेखि निर्वाचन लड्ने र नेतृत्वमा रहिरहने परिपाटीलाई लोकतान्त्रिक मान्न कदापि मिल्दैन । तसर्थ एउटै निर्वाचन प्रणालीबाट लगातार दुई पटकभन्दा बढी निर्वाचित हुन नपाउने व्यवस्था गरिनु उत्तम हुन्छ ।

यी विषयहरूमा निर्वाचनसम्बन्धी विधेयकमा छलफल गर्दा संघीय सांसदले ध्यान दिनुपर्छ । प्रतिनिधिसभा नियमावलीअनुसार महिला समन्वय समितिले महिला सहभागिताको बारेमा संविधानसम्मत कानून बनाउन साझा अवधारणा बनाएर सबै दल र सांसदहरूलाई समेत उक्त विषयमा सचेत र सहमत गराएर अगाडी बढ्न सक्दा सहज हुने देखिन्छ ।

# अनुसूचीहरू

**अनुसूची १ : २०४८, २०५१ र २०५६ का प्रतिनिधिसभा निर्वाचनमा महिलाको उम्मेदवारी तथा प्रतिनिधित्व**

| निर्वाचन वर्ष | २०४८ | | | २०५१ | | | २०५६ | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा |
| उम्मेदवार | १,२६५ (९४%) | ८० (६%) | १,३४५ (१००%) | १,३५६ (९४%) | ८६ (६%) | १,४४२ (१००%) | २,०९५ (९४%) | १४३ (६%) | २,२३८ (१००%) |
| निर्वाचित | १९८ (९७%) | ७ (३%) | २०५ (१००%) | १९८ (९७%) | ७ (३%) | २०५ (१००%) | १९३ (९४%) | १२ (६%) | २०५ (१००%) |

*स्रोत : महिला सभासद् समूह (ककस), संविधानसभा सचिवालय, नेपाल कानून समाज र इन्टरनेसनल इन्स्टिट्यूट फर डेमोक्रेसी एण्ड इलेक्ट्रोल असिस्टेन्स (इन्टरनेसनल आइडिया)। २०६८। संविधानसभाका महिला सदस्यहरू : नेपालको संविधान निर्माणमा महिलाको योगदानसम्बन्धी अध्ययन। पृष्ठ ४७।*

**अनुसूची २ : संविधानसभा सदस्य निर्वाचन २०६४ मा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फको दलगत परिणाम**

| क्र.सं. | राजनीतिक दल | निर्वाचित | | जम्मा |
|---|---|---|---|---|
| | | महिला | पुरुष | |
| १ | नेपाल कम्युनिष्ट पार्टी (माओवादी) | २३ | ९७ | १२० |
| २ | नेपाली काँग्रेस | २ | ३५ | ३७ |
| ३ | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | १ | ३२ | ३३ |
| ४ | मधेशी जनअधिकार फोरम, नेपाल | २ | २८ | ३० |
| ५ | तराई मधेश लोकतान्त्रिक पार्टी | १ | ८ | ९ |
| ६ | सद्भावना पार्टी | ० | ४ | ४ |
| ७ | जनमोर्चा नेपाल | ० | २ | २ |
| ८ | नेपाल मजदुर किसान पार्टी | ० | २ | २ |
| ९ | राष्ट्रिय जनमोर्चा | ० | १ | १ |
| १० | स्वतन्त्र | ० | २ | २ |
| जम्मा | | २९ | २११ | २४० |

*स्रोत : निर्वाचन आयोग नेपाल।*

## अनुसूची ३ : संविधानसभा सदस्य निर्वाचन २०७० मा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फको दलगत परिणाम

| क्र.सं. | राजनीतिक दल | निर्वाचित | | जम्मा |
|---|---|---|---|---|
| | | महिला | पुरुष | |
| १ | नेपाली काँग्रेस | ६ | ९९ | १०५ |
| २ | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | ३ | ८८ | ९१ |
| ३ | एकीकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी) | १ | २५ | २६ |
| ४ | मधेशी जनअधिकार फोरम नेपाल (लोकतान्त्रिक) | ० | ४ | ४ |
| ५ | तराई मधेश लोकतान्त्रिक पार्टी | ० | ४ | ४ |
| ६ | राष्ट्रिय प्रजातन्त्र पार्टी | ० | ३ | ३ |
| ७ | मधेशी जनअधिकार फोरम नेपाल | ० | २ | २ |
| ८ | नेपाल मजदुर किसान पार्टी | ० | १ | १ |
| ९ | सद्भावना पार्टी | ० | १ | १ |
| १० | तराई मधेश सद्भावना पार्टी नेपाल | ० | १ | १ |
| ११ | स्वतन्त्र | ० | २ | २ |
| जम्मा | | १० | २३० | २४० |

*स्रोत : निर्वाचन आयोग नेपाल ।*

## अनुसूची ४ : प्रदेशसभा सदस्य निर्वाचन २०७९ मा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ दलगत उम्मेदवारी र नतिजा (प्रदेशसभामा सहभागी मात्र)

| प्रदेश (प्रत्यक्ष कुल सिट) | राजनीतिक दल/स्वतन्त्र | उम्मेदवारी | | | निर्वाचित | |
|---|---|---|---|---|---|---|
| | | पुरुष (%) | महिला (%) | कुल | पुरुष | महिला |
| सुदूरपश्चिम (३२) | नेपाली काँग्रेस | १८ (१००%) | ० (०.०%) | १८ | १२ | ० |
| | नेकपा (एमाले) | २९ (९६.७%) | १ (३.३%) | ३० | ३ | ० |
| | नेकपा (माओवादी केन्द्र) | १२ (१००%) | ० (०.०%) | १२ | ८ | ० |
| | नेकपा (एकीकृत समाजवादी) | ६ (१००%) | ० (०.०%) | ६ | ३ | ० |
| | नागरिक उन्मुक्ति पार्टी | १२ (८०%) | ३ (२०%) | १५ | ५ | ० |
| | राष्ट्रिय प्रजातन्त्र पार्टी | २७ (१००%) | ० (०.०%) | २७ | ० | ० |
| | स्वतन्त्र | ३५ (९७.२%) | १ (२.८%) | ३६ | १ | ० |

| प्रदेश (प्रत्यक्ष कुल सिट) | राजनीतिक दल/स्वतन्त्र | उम्मेदवारी | | | निर्वाचित | |
|---|---|---|---|---|---|---|
| | | पुरुष (%) | महिला (%) | कुल | पुरुष | महिला |
| कर्णाली (२४) | नेपाली काँग्रेस | १२ (१००%) | ० (०.०%) | १२ | ९ | ० |
| | नेकपा (एमाले) | २४ (१००%) | ० (०.०%) | २४ | ५ | ० |
| | नेकपा (माओवादी केन्द्र) | १० (१००%) | ० (०.०%) | १० | ९ | ० |
| | नेकपा (एकीकृत समाजवादी) | ६ (१००%) | ० (०.०%) | ६ | ० | ० |
| | राष्ट्रिय प्रजातन्त्र पार्टी | २१ (१००%) | ० (०.०%) | २१ | ० | ० |
| | स्वतन्त्र | १६ (१००%) | ० (०.०%) | १६ | १ | ० |
| लुम्बिनी (५२) | नेपाली काँग्रेस | ३४ (१००%) | ० (०.०%) | ३४ | १७ | ० |
| | नेकपा (एमाले) | ४५ (९५.७%) | २ (४.३%) | ४७ | १८ | ० |
| | नेकपा (माओवादी केन्द्र) | १६ (८८.९%) | २ (११.१%) | १८ | ४ | १ |
| | नेकपा (एकीकृत समाजवादी) | ८ (१००%) | ० (०.०%) | ८ | ० | ० |
| | नागरिक उन्मुक्ति पार्टी | १९ (८६.४%) | ३ (१३.६%) | २२ | २ | ० |
| | राष्ट्रिय प्रजातन्त्र पार्टी | ३५ (१००%) | ० (०.०%) | ३५ | २ | ० |
| | जनता समाजवादी पार्टी | १८ (९४.७%) | १ (५.३%) | १९ | २ | ० |
| | जनमत पार्टी | १८ (१००%) | ० (०.०%) | १८ | १ | ० |
| | लोकतान्त्रिक समाजवादी पार्टी | २३ (१००%) | ० (०.०%) | २३ | २ | ० |
| | राष्ट्रिय जनमोर्चा | ३ (१००%) | ० (०.०%) | ३ | ० | ० |
| | स्वतन्त्र | १५८ (९६.३%) | ६ (३.७%) | १६४ | ३ | ० |
| गण्डकी (३६) | नेपाली काँग्रेस | २१ (१००%) | ० (०.०%) | २१ | १८ | ० |
| | नेकपा (एमाले) | ३१ (९१.२%) | ३ (८.८%) | ३४ | १० | २ |
| | नेकपा (माओवादी केन्द्र) | ११ (९१.७%) | १ (८.३%) | १२ | ४ | ० |
| | नेपाल समाजवादी पार्टी | १ (१००%) | ० (०.०%) | १ | १ | ० |
| | राष्ट्रिय प्रजातन्त्र पार्टी | २५ (८६.२%) | ४ (१३.८%) | २९ | ० | ० |
| | स्वतन्त्र | २६ (७६.५%) | ८ (२३.५%) | ३४ | १ | ० |

| प्रदेश (प्रत्यक्ष कुल सिट) | राजनीतिक दल/स्वतन्त्र | उम्मेदवारी | | | निर्वाचित | |
|---|---|---|---|---|---|---|
| | | पुरुष (%) | महिला (%) | कुल | पुरुष | महिला |
| बागमती (६६) | नेपाली काँग्रेस | ३७ (८८.१%) | ५ (११.९%) | ४२ | २३ | २ |
| | नेकपा (एमाले) | ६४ (९८.५%) | १ (१.५%) | ६५ | १३ | ० |
| | नेकपा (माओवादी केन्द्र) | २२ (९१.७%) | २ (८.३%) | २४ | १२ | २ |
| | नेकपा (एकीकृत समाजवादी) | ११ (९१.७%) | १ (८.३%) | १२ | ४ | १ |
| | नेपाल मजदुर किसान पार्टी | ४४ (७५.९%) | १४ (२४.१%) | ५८ | १ | ० |
| | राष्ट्रिय प्रजातन्त्र पार्टी | ६० (९२.३%) | ५ (७.७%) | ६५ | ७ | ० |
| | हाम्रो नेपाली पार्टी | २२ (१००%) | ० (०.०%) | २२ | १ | ० |
| | स्वतन्त्र | १५६ (८१.३%) | ३६ (१८.८%) | १९२ | ० | ० |
| मधेश (६४) | नेपाली काँग्रेस | २६ (१००%) | ० (०.०%) | २६ | १३ | ० |
| | नेकपा (एमाले) | ३१ (९३.९%) | २ (६.१%) | ३३ | १४ | १ |
| | नेकपा (माओवादी केन्द्र) | १६ (९४.१%) | १ (५.९%) | १७ | ४ | ० |
| | नेकपा (एकीकृत समाजवादी) | १५ (८८.२%) | २ (११.८%) | १७ | ३ | १ |
| | जनता समाजवादी पार्टी | ३२ (९१.४%) | ३ (८.६%) | ३५ | ९ | ० |
| | जनमत पार्टी | ५७ (९८.३%) | १ (१.६%) | ५८ | ६ | ० |
| | लोकतान्त्रिक समाजवादी पार्टी | १७ (९४.४%) | १ (५.६%) | १८ | ६ | १ |
| | नागरिक उन्मुक्ति पार्टी | १३ (८६.७%) | २ (१३.३%) | १५ | ० | ० |
| | नेपाल संघीय समाजवादी पार्टी | १३ (१००%) | ० (०.०%) | १३ | ० | ० |
| | राष्ट्रिय प्रजातन्त्र पार्टी | ५१ (८७.९%) | ७ (१२.१%) | ५८ | ० | ० |
| | स्वतन्त्र | ५१५ (९४.१%) | ३२ (५.९%) | ५४७ | ५ | १ |

| प्रदेश (प्रत्यक्ष कुल सिट) | राजनीतिक दल/स्वतन्त्र | उम्मेदवारी | | | निर्वाचित | |
|---|---|---|---|---|---|---|
| | | पुरुष (%) | महिला (%) | कुल | पुरुष | महिला |
| कोशी (५६) | नेपाली काँग्रेस | २६ (१००%) | ० (०.० %) | २६ | १७ | ० |
| | नेकपा (एमाले) | ५० (९६.२%) | २ (३.८ %) | ५२ | २५ | ० |
| | नेकपा (माओवादी केन्द्र) | १७ (८९.५%) | २ (१०.५ %) | १९ | ९ | ० |
| | नेकपा (एकीकृत समाजवादी) | ९ (८१.८%) | २ (१८.२ %) | ११ | २ | १ |
| | जनता समाजवादी पार्टी | ३४ (९७.१%) | १ (२.९ %) | ३५ | ० | ० |
| | राष्ट्रिय प्रजातन्त्र पार्टी | ४० (९०.९%) | ४ (९.१ %) | ४४ | १ | १ |
| | स्वतन्त्र | ९० (८५.७%) | १५ (१४.३ %) | १०५ | ० | ० |
| **सातै प्रदेशसभाका लागि कुल उम्मेदवार (स्वतन्त्रसहित) सङ्ख्या** | | **२,१८८ (९२.६%)** | **१७६ (७.४ %)** | **२,३६४** | **३१६** | **१४** |
| **सातै प्रदेशमा स्वतन्त्र उम्मेदवार सङ्ख्या** | | **९९६** | **९८** | **१,०९४** | | |
| **सातै प्रदेशसभामा सहभागी राजनीतिक दलका उम्मेदवारको कुल सङ्ख्या** | | **१,१९२** | **७८** | **१,२७०** | | |

*स्रोत : निर्वाचन आयोग नेपाल ।*

## अनुसूची ५ : प्रतिनिधिसभा सदस्य निर्वाचन २०७४ र २०७९ को प्रत्यक्षतर्फ दलगत उम्मेदवारी सङ्ख्या[२१]

| निर्वाचन | २०७९ | | | | | २०७४ | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | उम्मेदवार | | | निर्वाचित | | उम्मेदवार | | | निर्वाचित | |
| राजनीतिक दल/स्वतन्त्र | पुरुष | महिला | कुल | पुरुष | महिला | पुरुष | महिला | कुल | पुरुष | महिला |
| नेकपा (एमाले) | १३० (९२.२%) | ११ (७.८%) | १४१ | ४० | ४ | ९८ (९५.१%) | ५ (४.९%) | १०३ | ७८ | २ |
| नेपाली काँग्रेस | ८६ (९४.५%) | ५ (५.५%) | ९१ | ५७ | १ | १४५ (९४.२%) | ९ (५.८%) | १५४ | २३ | ० |
| नेकपा (माओवादी केन्द्र) | ३८ (८२.६%) | ८ (१७.४%) | ४६ | १७ | १ | ५५ (९३.२%) | ४ (६.८%) | ५९ | ३३ | ३ |
| राष्ट्रिय स्वतन्त्र पार्टी* | ११९ (९०.८%) | १२ (९.२%) | १३१ | ५ | २ | - | - | - | - | - |
| राष्ट्रिय प्रजातन्त्र पार्टी | १३२ (९४.३%) | ८ (५.७%) | १४० | ७ | ० | ६ (१००%) | ० (०.०%) | ६ | १ | ० |
| जनता समाजवादी पार्टी | ७२ (९१.१%) | ७ (८.९%) | ७९ | ७ | ० | १०२ (१००%) | ० (०.०%) | १०२ | ० | ० |
| जनमत पार्टी** | ५२ (९६.३%) | २ (३.७%) | ५४ | १ | ० | - | - | - | - | - |
| राष्ट्रिय जनता पार्टी नेपाल# | - | - | - | - | - | १०२ (९५.३%) | ५ (४.७%) | १०७ | १० | ० |
| संघीय समाजवादी फोरम नेपाल## | - | - | - | - | - | १०२ (९५.३%) | ५ (४.७%) | १०७ | १० | ० |
| स्वतन्त्र | ७९० (९१.१%) | ७७ (८.९%) | ८६७ | ५ | ० | ४५४ (९२.३%) | ३८ (७.७%) | ४९२ | | ० |

*स्रोत : निर्वाचन आयोग नेपाल।*

** २०७४ को प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनमा यो दल अस्तित्वमा थिएन। ** २०७४ को प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनमा यो दल अस्तित्वमा थिएन। # राष्ट्रिय जनता पार्टी नेपाल २०७४ को प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनमा राष्ट्रिय दलको रूपमा स्थापित भए पनि प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचन, २०७९ मा सो दलको नाम परिवर्तन भैसकेको थियो। यस दलसँग सम्बद्ध अधिकांश नेता लोकतान्त्रिक समाजवादी पार्टी नेपाल (लोसपा) मा आबद्ध छन्। ## संघीय समाजवादी फोरम नेपाल २०७४ को प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनमा राष्ट्रिय दलको रूपमा स्थापित भए पनि प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचन, २०७९ मा सो दलको नाम परिवर्तन भैसकेको थियो। हाल यो दलसँग सम्बद्ध अधिकांश नेता जनता समाजवादी पार्टी नेपाल (जसपा) मा आबद्ध छन्।*

---

[२१] राष्ट्रिय दलको मान्यता नपाएका प्रतिनिधिसभाका अन्य दलहरू - लोसपामा पुरुष ४, नेकपा एकीकृत समाजवादीमा पुरुष १०, नागरिक उन्मुक्ति पार्टीमा पुरुष २ र महिला १, नेपाल मजदुर किसान पार्टीमा पुरुष १ र राष्ट्रिय जनमोर्चामा पुरुष १ निर्वाचित भएका छन्।

## अनुसूची ६ : नेपाली काँग्रेस जिल्ला कार्यसमितिका पदाधिकारीमा महिला प्रतिनिधित्व

| प्रदेश | जिल्ला सङ्ख्या | पद | | | | | प्रत्येक जिल्ला कार्यसमितिमा जम्मा पदाधिकारी - ८ |
|---|---|---|---|---|---|---|---|
| | | सभापति (१) | उपसभापति (२) | सचिव (२) | सह-सचिव (२) | कोषाध्यक्ष (१) | जम्मा |
| सुदूरपश्चिम | ९ | ० | ० | ० | १ | २ | ३ |
| कर्णाली | १० | ० | १ | ० | ० | ० | १ |
| लुम्बिनी | १२ | ० | २ | ३ | १ | १ | ७ |
| गण्डकी | ११ | ० | १ | १ | १ | १ | ४ |
| बागमती | १३ | ० | १ | ० | २ | १ | ४ |
| मधेश | ८ | ० | ० | ० | ० | ० | ० |
| कोशी | १४ | ० | १ | ० | १ | ३ | ५ |
| सबै जिल्लामा | ७७ | ० | ६ | ४ | ६ | ८ | २४ |

## अनुसूची ७ : नेपाली काँग्रेस प्रदेश कार्यसमितिका पदाधिकारीमा महिला प्रतिनिधित्व

| प्रदेश | पद | | | | | प्रत्येक प्रदेश कार्यसमितिमा जम्मा पदाधिकारी - ९ |
|---|---|---|---|---|---|---|
| | सभापति (१) | उपसभापति (२) | महामन्त्री (२) | सह-महामन्त्री (३) | कोषाध्यक्ष (१) | जम्मा |
| सुदूरपश्चिम | ० | ० | ० | १ | ० | १ |
| कर्णाली | ० | ० | ० | १ | १ | २ |
| लुम्बिनी | ० | ० | ० | १ | ० | १ |
| गण्डकी | ० | १ | ० | १ | ० | २ |
| बागमती | ० | ० | ० | १ | ० | १ |
| मधेश | ० | ० | ० | १ | ० | १ |
| कोशी | ० | ० | ० | १ | ० | १ |
| सातै प्रदेशमा | ० | १ | ० | ७ | १ | ९ |

## अनुसूची ८ : नेपाली काँग्रेस केन्द्रीय पदाधिकारी तथा केन्द्रीय समितिमा महिला प्रतिनिधित्व

| महिला पदाधिकारी | | | | केन्द्रीय समिति | |
|---|---|---|---|---|---|
| सभापति (१) | उपसभापति (२) | महामन्त्री (२) | सहमहामन्त्री (८) | महिला | पुरुष |
| ० | ० | ० | १ | ५३ (३४%) | १०३ |

## अनुसूची ९ : नेकपा (एमाले) जिल्ला कमिटीका पदाधिकारीमा महिला प्रतिनिधित्व

| प्रदेश | जिल्ला सङ्ख्या | पद | | | | प्रत्येक जिल्ला कार्यसमितिमा जम्मा पदाधिकारी - ५ |
|---|---|---|---|---|---|---|
| | | अध्यक्ष (१) | उपाध्यक्ष (१) | सचिव (१) | उपसचिव (२) | जम्मा |
| सुदूरपश्चिम | ९ | ० | २ | ० | २ | ४ |
| कर्णाली | १० | ० | ० | ० | ४ | ४ |
| लुम्बिनी | १२ | ० | १ | ० | ९ | १० |
| गण्डकी | ११ | ० | १ | ० | २ | ३ |
| बागमती | १३ | ० | १ | ० | ९ | १० |
| मधेश | ८ | ० | १ | ० | २ | ३ |
| कोशी | १४ | ० | ० | ० | २ | २ |
| सातै प्रदेशमा | ७७ | ० | ६ | ० | ३० | ३६ |

**अनुसूची १० : नेकपा (एमाले) प्रदेश कमिटीका पदाधिकारीमा महिला प्रतिनिधित्व**

| प्रदेश | पद | | | | प्रत्येक प्रदेश कार्यसमितिमा जम्मा पदाधिकारी - ५ |
|---|---|---|---|---|---|
| | अध्यक्ष (१) | उपाध्यक्ष (१) | सचिव (१) | उपसचिव (२) | जम्मा |
| सुदूरपश्चिम | ० | ० | ० | १ | १ |
| कर्णाली | ० | ० | ० | १ | १ |
| लुम्बिनी | ० | ० | ० | ० | ० |
| गण्डकी | ० | ० | ० | २ | २ |
| बागमती | ० | ० | ० | १ | १ |
| मधेश | ० | ० | ० | १ | १ |
| कोशी | ० | ० | ० | १ | १ |
| **सातै प्रदेशमा** | **०** | **०** | **०** | **७** | **७** |

## अनुसूची ११ : नेकपा (एमाले) केन्द्रीय पदाधिकारी, स्थायी कमिटी सदस्य, पोलिटब्यूरो सदस्य तथा केन्द्रीय समितिमा महिला प्रतिनिधित्व

| महिला पदाधिकारी | | | | | | स्थायी कमिटी | | पोलिटब्यूरो | | केन्द्रीय सदस्य | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| अध्यक्ष (१) | वरिष्ठ उपाध्यक्ष (१) | उपाध्यक्ष (६) | महासचिव (१) | उपमहासचिव (३) | सचिव (६) | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष |
| ० | ० | १ | ० | ० | १ | ४ (१७%) | १९ (८३%) | १२ (२२%) | ४२ (७८%) | १०४ (३०%) | २४८ (७०%) |

## अनुसूची १२ : नेकपा (माओवादी केन्द्र) प्रदेश कमिटीका पदाधिकारीमा महिला प्रतिनिधित्व

| प्रदेश | पद | | | | | प्रत्येक प्रदेश कार्यसमितिमा जम्मा पदाधिकारी - ९ |
|---|---|---|---|---|---|---|
| | अध्यक्ष (१) | उपाध्यक्ष (३) | सचिव (२) | सहसचिव (२) | कोषाध्यक्ष (१) | जम्मा |
| सुदूरपश्चिम | ० | ० | ० | १ | १ | २ |
| कर्णाली | १ | ० | ० | ० | ० | १ |
| लुम्बिनी | ० | ० | ० | १ | ० | १ |
| गण्डकी | १ | ० | ० | ० | ० | १ |
| बागमती | ० | १ | ० | ० | १ | २ |
| मधेश | ० | ० | ० | ० | ० | ० |
| कोशी | ० | ० | ० | १ | ० | १ |
| सातै प्रदेशमा | २ | १ | ० | ३ | २ | ८ |

### अनुसूची १३ : नेकपा (माओवादी केन्द्र) केन्द्रीय पदाधिकारी, स्थायी कमिटी सदस्य तथा केन्द्रीय समितिमा महिला प्रतिनिधित्व

| महिला पदाधिकारी | | | | | | | स्थायी कमिटी | | केन्द्रीय सदस्य | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| अध्यक्ष (१) | वरिष्ठ उपाध्यक्ष (१) | उपाध्यक्ष (३) | महासचिव (१) | उपमहासचिव (६) | सचिव (९) | कोषाध्यक्ष (१) | महिला | पुरुष | महिला | पुरुष |
| ० | ० | १ | ० | ० | ० | ० | ११ (५०%) | ११ (५०%) | ११९ (३१%) | २६७ (६९%) |

नेपालको संविधानले समावेशी समानुपातिक सिद्धान्तलाई स्वीकार गरी मौलिक हक अन्तर्गत नै राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशिताको आधारमा सहभागी हुने व्यवस्था गरेको छ। तसर्थ, राज्यका निकायमा महिलाको जनसङ्ख्याको अनुपातमा उनीहरूको सहभागिता सुनिश्चित हुनुपर्ने हो । तर प्रतिनिधिसभा र प्रदेशसभामै महिलाको एक तिहाइभन्दा बढी प्रतिनिधित्व गराउन दलको नेतृत्वले पहल गरेको छैन। संसद्मा ३३ प्रतिशत महिलाको प्रतिनिधित्वको कानूनी बाध्यतालाई राजनीतिक दलले समानुपातिक निर्वाचन प्रणालीबाट नै पुऱ्याउँदै आएका छन् । प्रत्यक्ष निर्वाचन प्रणालीबाट निर्वाचित हुने महिलाको सङ्ख्या त अत्यन्त दयनीय छ। पटक-पटक परिवर्तनको नेतृत्व गरेर आए पनि नेपालका राजनीतिक दलको असमावेशी संरचना र त्यसको नेतृत्वको पुरुषप्रधान सोचलगायत महिला नेतृत्व विकासमा अवरोध बनेका छन् । परिणामतः राजनीतिक दलका विभिन्न तहका संरचनामा महिला पदाधिकारीको उपस्थिति अत्यन्त न्यून छ। प्रत्यक्ष निर्वाचनमा महिलाको उम्मेदवारीलाई वृद्धि गर्न संवैधानिक आयोगको रूपमा रहेको निर्वाचन आयोग नेपालले पनि मौलिक हकअन्तर्गत महिलाको हक कार्यान्वयन गर्न राजनीतिक दल र नेपाल सरकारलाई दबाब दिन सक्नुपर्छ।

DEMOCRACY
RESOURCE CENTER